
# लेखापरीक्षण प्रतिवेदन

# हलेसीतुवाचुङ नगरपालिका, खोटांग

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## हलेसीतुवाचुङ नगरपालिका, खोटांग

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

# गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

# मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
कोशी प्रदेश लेखापरीक्षण निर्देशनालय
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-७

च.न.:FAR/2080-81/LOC/209

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री प्रमुखज्यू,
हलेसी तुवाचुङ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
खोटांग ।

## कैफियतसहितको राय

हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सत्र) प्रयोगमा रहेको छ । नगरपालिकाले पेश गरेको प्रासी र भक्तानीको एकिकत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु ३३ लाख ८३ हजार समावेश गरेको छैन ।

२. नगरपालिकाको रु. १ अर्ब ५६ करोड ८१ लाख ६२ हजारको लेखापरीक्षण गरिएकोमा रू. २ करोड २ लाख ४२ हजार बेरुजु देखिएको छ । लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू. १ करोड ७८ लाख ७५ हजारको बेरुज प्रतिक्रियाबाट फस्योँट भई रू. २३ लाख ६७ हजार बाँकी रहेको छ । उक्त बेरुज मध्ये असल गर्नुपर्ने रू. ६८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ६ लाख १० हजार, नियमित गर्नुपर्ने रु. १६ लाख ८९ हजार रहेको छ । गत वर्षसम्म रु. २३ करोड ४२ लाख ६६ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु. २३ करोड २८ लाख ६६ हजार रहेको छ । बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ ।

३. नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । एकीकृत वित्तीय विवरण तयार गर्ने हलेसी तुवाचुङ नगरपालिकासँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं ।

## अन्य बेहोरा

यो नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ ।

## वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी हलेसी तुवाचुङ नगरपालिका व्यवस्थापनमा रहेको छ । हलेसी तुवाचुङ नगरकार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

## वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजीवा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

( बालकृष्ण थापा )

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ९१ | २३ | २,०२,४१,९५४ | ० | १२ | १,७८,७५,३७४ | ० | ९१ | ११ | २३,६६,५८० | ६७,९४८ | १६,८८,३३७ | ६,१०,२९६ | ० | ० | २२,९८,६३३ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| खोटाङ | २३,४२,६६,००० | ० | ३७,६६,७५३ | २३,०४,९९,२४७ | ० | २३,६६,५८० | २३,२८,६५,८३७ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७९/८० | ७६ | सामुदायिक सिकाई केन्द्रहरुलाई भुक्तानीः | ४,००,००० |
| २ | २०७९/८० | ६३ | शिक्षकहरुको तलब भत्तामा बढी निकासाः | १,०८,००० |
| ३ | २०७९/८० | ३८ | भ्रमण खर्चः | २३,२२० |
| ४ | २०७९/८० | | बढी निकासाः | ३४,८५० |
| ५ | २०७९/८० | ६४ | बढी दिनको निकासाः | ४४,२८० |
| ६ | २०७९/८० | १०८ | प्रोभिजनल सम | ४,९२,६६९ |
| ७ | २०७९/८० | ६८ | पुस्तक खरिदको बिल कम पेश भएकोः | १,६२,२५२ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ८ | २०७९/८० | ७५ | पाठ्यपुस्तकमा बढी निकासाः | ३,०८,५८८ |
| ९ | २०७९/८० | ९८ | नाफामूलक संस्थालाई अनुदान | ६,७६,००० |
| १० | २०७९/८० | ८१ | दिवा खाजाको प्रमाणः | ३९,५२४ |
| ११ | २०७९/८० | ४४.१,४४.२ | तालिम कार्यक्रमः | १,२६,२७५ |
| १२ | २०७९/८० | ६५ | छुट रकमको प्रमाण पेश नभएकोः | ५४,०४५ |
| १३ | २०७९/८० | ६२ | खर्चको प्रमाणः | २१,२०० |
| १४ | २०७९/८० | ८० | कृयाकलाप फरक पारी खर्चः | १,७९,२५० |
| १५ | २०७९/८० | ७३ | दफा ७३ | ४८,००० |
| १६ | २०७९/८० | ३२.२ | कर दस्तुर एवं आन्तरिक आयः | १,३३,६०० |
| १७ | २०७९/८० | ३९ | आय कर | ४५,००० |
| १८ | २०८०/८१ | ७३.२ | समपुरक अनुदान | ३,९४,४६६ |
| १९ | २०८०/८१ | ६७.५ | शिक्षा | १,००,००० |
| २० | २०८०/८१ | ७१ | नन्फाइलर | ३,०३,६२६ |
| २१ | २०८०/८१ | ४८ | ड्राइभिङ तालिम | ४,४१० |
| २२ | २०८०/८१ | ४९.२ | कृषि तथा पशुपंछी | १२,३०५ |
| २३ | २०८०/८१ | ५०.१, ५०.२ ,५०.३, ५०.४, ५०.५ | आन्तरिक लेखापरीक्षणबाट कायम बेरुजु | ३६,८५० |
| २४ | २०८०/८१ | ६९.३ | १५ शैया अस्पताल निर्माण | १,७०,२३,७१६ |
| २५ | २०७७/७८ | ५९ | मालपोत तथा नगदी रसिद | ० |
| २६ | २०७९/८० | २ | आर्थिक सहायता वितरणः | ८,७०,००० |
| जम्मा | | | | २,१६,४२,१२६ |

# (८०१०८४०२३०० - हलेसीतुवाचुङ नगरपालिका, खोटांग )

## परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ११ वडा, ६० सभा सदस्य, २८०.१७ वर्ग किलोमिटर क्षेत्रफल र २९,५३२ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतितपत्र गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।४।३२ देखि २०८१।५।४ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतितपत्र जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतितपत्रमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-**लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय – व्ययतर्फ रु. १,५६,८१,६२,२२२।२२ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा शिक्षक पारिश्रमिक वापत बढी भुक्तानी भएको रु. ११८०५२।६२असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण**

कार्यालयको आय-व्यय विवरण तयार गर्दा नेपाल सार्वजनिक लेखामान प्रणाली बमोजिम आय-व्यय विवरणका साथसाथै लेखा नीति तथा टिप्पणी, प्रमुख लेखा नीति र वित्तिय विवरणहरु तयार तथा स्वीकृती गरी तोकिएको ढाँचामा लेखापरीक्षणमा पेश भएन।त्यस्तै स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । कार्यालयको आय व्यय सम्बन्धमा देखिएका थप व्यहोराहरु निम्नानुसार छन्;

२.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.२ फरक हिसाब – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.७१,१००। , यस वर्षको प्राप्तिमा रु.१९,८७,४७,३०९।३८, यस वर्षको भुक्तानी रु.१९,१७,९१,६३९।७१ र बैङ्क मौज्दात रु.१०९६.२३ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.३ संचित कोष खातामा आम्दानी जनाउँदा प्राप्तीको श्रोत सहित आम्दानी जनाउनु पर्नेमा बैंक स्टेटमेन्टको आधारमा आम्दानी जनाउने गरेको छ ।

२.४ सञ्चित कोष र अन्य खर्च शिर्षकहरुको बैङ्क नगदी किताब कार्यालय प्रमुख तथा लेखा प्रमुखबाट प्रमाणित गर्ने गरेको छैन।

३ **आन्तरिक नियन्त्रण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगवाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ–आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । कायालयले कार्यविधि तयार नगरेको कारण आन्तरिक नियन्त्रण प्रणालीको अवस्था कमजोर रहेको देखिन्छ। यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् :

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेखाङ्कन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै पालिकाबाट यसबर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको बार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन ।

• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई वितरणमुखी रहेको पाईयो ।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नुपर्नेमा गरेको पाईएन ।

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी विभिन्न प्रकृतिका खर्चहरुको भुक्तानी गर्दा तेरिज बनाई भुक्तानी गर्नुपर्नेमा नगरेको पाइयो ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र बार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन ।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यसबर्ष कार्यसम्पन्न भएका विभिन्न आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन।

• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट सञ्चालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाईएन ।

• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको छैन ।

• कार्यालयले सार्वजनिक सम्पत्तिको अभिलेख राखेको देखिएन ।

• कतिपय योजनाहरुमा इष्टिमेट तयार गरेको, स्वीकृत गरेको, नापी मूल्याकन गरेको, जाँच गरेको, स्वीकृत गरेको, ठेक्का बिल र कार्यसम्पन्न प्रतिवेदन तयार गरेको, स्वीकृत गरेको मिति उल्लेख नभएको ।

• निर्माण कार्यको कार्यसम्पन्न प्रविदेन अनुसार नापी किताव तयार गरी उक्त नापी कितावलाई नियमको प्रावधान अनुरुप अद्यावधिक गरी राख्नुपर्नेमा योजनाहरुको नापी लुज पेपरमा भर्ने गरेको पाइयो। अतः योजनागत नापी किताव बनाई भएको कार्य र खर्चको विवरण अद्यावधिक गरेको देखिएन ।

तसर्थ कार्यालयले प्रचलित ऐन, नियम र कार्यविधिको अधिनमा रही आन्तरिक नियन्त्रण प्रणाली तयार गरी गाउँपालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

### ४ सेवा प्रवाह

सुशासन (व्यवस्थापन तथा संचालन ) ऐन, २०६४ को दफा २५ मा सर्वसाधारणलाई सेवा प्रदान गर्ने वा जनसम्पर्क कायम गर्ने प्रत्येक सरकारी निकायले सबैले देख्ने ठाँउमा कार्यालयले दिने सेवा र त्यसको प्रकृति, सेवाग्राहीले सेवा प्राप्त गर्न पूरा गर्नु पर्ने कार्यबिधि, सेवा प्रदान गर्ने पदाधिकारी र निजको कार्यकक्षको विवरण, सेवा प्रदान गर्न लाग्ने समयाबधि र सेवा प्राप्त गर्न कुनै दस्तुर तथा अन्य रकम लाग्ने भए सोको विवरण, खुलाई नागरिक वडापत्र राख्नुपर्ने र सो बमोजिम सेवा प्रदान गरेको अभिलेख राख्नुपर्ने ब्यवस्था छ ।कार्यालयले पेश गरेको विवरण अनुसार यस वर्ष २७५० ब्यक्तिगत घटना दर्ता जस्ता सेवा प्रवाह गरेको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ मा उल्लेखित स्थानीय निकायको काम कर्तव्य र अधिकार मध्ये अधिकांश सेवा प्रवाह गर्नुपर्ने विषयमा निकायको सिमित जनशक्ति र पूर्वाधारका कारण प्रवाह गर्न सकेको छैन । अतः जनशक्ति र पूर्वाधारको विकास गरी निकायको सेवा प्रवाह प्रभावकारी बनाउनु पर्दछ ।

### ५ सहकारी संस्थाको अनुगमन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ख) मा सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानून, मापदण्डको निर्माण, कार्यान्वयन र नियमन तथा पालिकाको भौगोलिक क्षेत्रभित्र सञ्चालन हुने सहकारी संस्थाको दर्ता अनुमति खारेजी र विगठन लगायतका विषयमा गाउँपालिकाको अधिकारक्षेत्र हुने उल्लेख छ।पालिकाले आफ्नो क्षेत्रभित्र रहेका सहकारीहरुको दर्ता, अनुगमन नियमन गरेको पाइएन। सहकारी सदस्यहरुको हित र बचत रकमको सुरक्षा तथा लगानीमा हुन सक्ने दुरुपयोग रोक्न प्रचलित कानूनी व्यवस्था अनुरुप त्यस्ता संस्थाहरुको नियमन र सघन अनुगमन गर्ने कार्यमा ध्यान दिनुपर्दछ ।

### ६ अनुगमन मुल्याङ्कन खर्च

भम्रण खर्च नियमावली,२०६४ को नियम ४ अनुसार सरकारी खर्चमा भ्रमण गर्ने पदाधिकारी तथा कर्मचारीले सम्भव भएसम्म किफायती र कम खर्चिलो हुने गरी भ्रमण गर्नुपर्ने उल्लेख छ। कार्यालयले दैनिक भ्रमण तथा अनुगमन खर्च भुक्तानी गर्दा सोको उद्वेश्य स्पष्ट

हुनुपर्दछ। यो बर्ष पालिका चालु तर्फ अनुगमन मुल्याङकन तथा भ्रमण शिर्षकमा रु. २०४२५००।– र संघिय सरकार हस्तान्तरण चालु तर्फका विविध कार्यक्रमहरु तथा पालिकाबाट सञ्चालित विभिन्न योजनाहरुबाट कट्टि गरेको कन्टेन्जेन्सीबाट समेत सोही प्रयोजनका लागि खर्च गरेको छ । कार्यालयले नियममा व्यवस्था भए बमोजिम भ्रमण अभिलेख खाता तयार गरी नराखेको, भ्रमण तथा अनुगमन पश्चात भ्रमण गर्ने पदाधिकारी तथा कर्मचारीले भ्रमणको प्रयोजन खुलाई भ्रमण प्रतिवेदन पेश गर्नुपर्नेमा नगरेको, अधिकाशं भ्रमणको उद्देश्यमा प्रयोजन नखुलाई कार्यालय सम्बन्धि काम मात्र भन्ने गरेको र सो कार्यलाई पुष्टाई गर्ने कागजात भ्रमण विलमा संलग्न नभएको जस्ता कारणबाट भ्रमण तथा अनुगमन कार्यबाट प्रयाप्त उपलव्धि हासिल भयो भनी आश्वस्त हुन सकिएन। स्पष्ट प्रयोजन बेगर पदाधिकारी तथा कर्मचारीहरुको भ्रमण आदेश स्वीकृत गराई भुक्तानी लिने तथा भ्रमण खर्चलाई आवश्यकताको भन्दा सुविधाको आधारमा खर्च लेख्ने परम्पराले सरकारी खर्चको मितव्ययीतामा जोखिम देखिएकोले यस प्रकारको खर्चमा नियन्त्रण हुनुपर्दछ।

### ७ इन्धन खर्च

सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धि निर्देशिका, २०७८ को बुदा नं.७ बमोजिम कार्यालयले सवारी साधन सुविधा पाउने पदाधिकारी तथा कर्मचारीहरुलाई इन्धन उपलव्ध गराउँदा तह अनुसार मासिक रुपमा पाउने डिजेल/पेट्रोल (लिटर) र त्रैमासिक रुपमा पाउने मोविल तथा ब्रेक आयल (लिटर) को कोटा निर्धारण गरी भुक्तानी पर्ने र कार्यालयले सोको लगत अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ।कार्यालयले यो बर्ष इन्धन खर्च शिर्षकबाट रु. २७९००००।- र कन्टेन्जेन्सी खर्च समेतबाट इन्धन खर्च भुक्तानी गरेको छ। कार्यालयले इन्धन खर्च लेख्ने सवारी साधनको न्यूनतम कोटा निर्धारण गरी सोको मासिक लगत लगत अद्यावधिक गरी खर्च मितव्ययि गर्ने तर्फ ध्यान दिनुपर्दछ।

### ८ आन्तरिक लेखापरीक्षण

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षणले औंलाएका व्यहोराहरू अन्तिम लेखापरीक्षण हुनु अघि फर्स्यौट गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण वर्षान्त भए पश्चात मात्र गराएको पाइयो । तसर्थ कानुनमा तोकिए बमोजिम प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराई सोबाट देखिएका कैफियत फर्स्यौट गराइ आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

### ९ सवारी तथा अन्य मर्मत खर्च

कोशी प्रदेश आर्थिक कार्यविधि ऐन,२०७४ को दफा ४३ बमोजिम सार्वजनिक जवाफदेहीको पद धारण गरेको व्यक्तिले सम्पादन गरेको काम र सोसँग सम्बन्धित कारोबारको जिम्मेवारी र जवाफदेहिता बहन गर्नुपर्ने उल्लेख छ ।कार्यालयको नाममा रहेका सवारी साधन, मेशिनरी औजार, फर्निचर तथा अन्य निर्मित सम्पत्तिको मर्मत सम्बन्धी कार्य गर्दा PAMS मा स्वीकृत मर्मत आदेश अनुसार सम्बन्धित कर्मचारीले अनुमानित लागतमा आधारित मर्मत निवेदन तयार गर्ने र सवारी मर्मतको हकमा म.ले.प.फा.नं. अद्यावधिक गरेर मात्र पेश गर्ने र कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराउनुपर्ने व्यवस्था छ। तर यस नगरपालिकाले सो प्रक्रिया बेगर सवारी साधन, मेशिनरी औजार र फर्निचर मर्मत गराई सोझै बिल भरपाईका आधारमा मर्मत वापत रु. ३८,००,०००।- खर्च लेखेको पाइयो। मर्मत सम्भार गर्दा व्यवस्था भए बमोजिम PAMS मा मर्मत आदेश तयार गरी कार्यालय प्रमुखबाट स्वीकृत गराएर मात्र मर्मत तथा भुक्तानी गर्नुपर्दछ ।

### १० सञ्चार खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८८ मा स्थानीयतहका कर्मचारीको सेवा सुविधा प्रदेश सरकारले तोके बमोजिम हुने र प्रदेश सरकारले नतोकेसम्म नेपाल सरकारले तोके बमोजिम हुने उल्लेख छ । त्यसै गरी आन्तरिक सञ्चार सेवामा मितव्ययिता ल्याउनका लागि संस्थागत सिमहरु कार्यालय प्रयोजनका लागि उपलब्ध गराउन सक्ने व्यवस्था रहेको छ। कार्यालयले यो वर्ष व्यक्तिगत मोबाइल रिचार्ज बापत रु ३,६१,२१५।– थप सञ्चार खर्च गरेको छ। यस प्रकारको खर्चमा नियन्त्रण गर्नुपर्दछ।

### ११ आय अनुमान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ

मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ७५,००,०००।- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु १,१५,०२,८३७.३८ अर्थात अनुमान भन्दा ५३.३७ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

## १२ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ५६४४९००० | ४०६५२९४४.८० | ६.९० |
| २ | पूर्वाधार विकास | १२४७३२९०० | ८७२५०५३४.०७ | १४.८० |
| ३ | सामाजिक विकास | ४१६६९७००० | ३६७५६२२७७ | ६२.३४ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ६८३५००० | ६४२९६३५ | १.०९ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १०१०१०१५८.८० | ८७७००२३९.३३ | १४.८७ |
| **जम्मा** | | **७०५७२४०५८.८०** | **५८९५९५६०३.२०** | **१००** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ६२.३४ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबैभन्दा घटी १.०९ प्रतिशत रहेको छ ।

## १३ परामर्श सेवा खरिद

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने भएमा र वढि दक्षता आवश्यक पर्ने भएमा लागत अनुगमान तयार गरी प्रतिस्पर्धाकव माध्यमबाट परामर्श सेवा खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालिन पूँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यका लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गर्नुपर्नेमा सो गरेको देखिएन । पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०/८१ मा परामर्श सेवा वापत रु १४,२७,१९०।- भुक्तानी गरेकोमा सोको विवरण देहाय बमोजिम रहेको छ।

| क्र.स. | कामको विवरण | परार्मशदाताको नाम | सम्झौता रकम रु. | खरिद विधि |
|---|---|---|---|---|
| १ | हलेसी साँस्कृतिक सर्किट विस्तृत परियोजना प्रतिवेदन | हेल्लो डेव्लोपर्स कन्सल्ट प्रा.लि. | ४,२९,४०० | कोटेशन |
| २ | सार्वजनिक नीजि साझेदारी ऐन निर्माण | सेन्टर फर इम्पावरमेन्ट, इनोभेसन एण्ड डेभलपमेन्ट प्रा.लि. | ४,९९,४६० | कोटेशन |
| ३ | संङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी सङ्गठन संरचना तथा दरबन्दी निर्धारण योजना | विपान फाउण्डेशन प्रा.लि. | ४,९८,३३० | कोटेशन |
| **जम्मा** | | | **१४,२७,१९०** | |

## १४ कर तथा शुल्क असुली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | १५००००० | १०६३२१२ | ७०.८८ |
| घरजग्गा वहाल कर | ३००००० | १६२७४५ | ५४.२५ |
| व्यवसाय कर | ३००००० | २१५१०० | ७१.७० |
| **जम्मा** | **२१०००००** | **१४४१०५७** | **६८.६२** |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

१५ **खर्च बिश्लेषण**

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु ११५०२८३७.३८ राजस्व बाँडफाँड र अनुदानबाट रु ६४८८५४५२०.८० समेत रु ६६०३५७३५८.१८ आम्दानी भएकोमा चालु तर्फ रु ४०,६६,१४,२१०.१३ र पूँजिगत तर्फ रु १८,२९,८१,४२०.०७ समेत रु ५८,९५,९५,६३०.२० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.९५ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु ९७,६२,०००।- खर्च भएको छ जुन आन्तरिक आयको ८४.८६ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६१.५८ प्रतिशत चालु र २७.७१ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१६ **लक्ष्य प्रगति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाले लक्ष्य प्रगति विवरण तयार गर्नु पर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरीय तथा केन्द्र स्तरीय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त ऐन बमोजिमको ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन । ऐन बमोजिमको ढाँचामा बार्षिक लक्ष्य तथा प्रगति विवरण तयार गर्नु पर्दछ ।

१७ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ७०६५९३४०३.८९ | ११५०२८३७.३८ | १.६३ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.६३ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१८ **बजेट रकमान्तर**

स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार स्थानीय तहले आवस्यकताको पहिचान गरी योजना तर्जुमा गर्नुपर्ने साथै दफा ७९ अनुसार चालू खर्चबाट पुजिगत शिर्षकमा बढीमा २५ प्रतिशत सम्म रकमान्तर गर्न सकिने व्यवस्था रहेकोमा नगरपालिकाले यस वर्ष आ व को अन्त्य तिर चालु अन्तर्गतका १२ शीर्षकबाट रु ६१,५०,०००।– बजेट रकमान्तर गरी ३० शीर्षकमा तथा पुँजिगत योजना अन्तर्गतका ७२ शिर्षकबाट रु ५,३७,७९,०००।– बजेट रकमान्तर गरी ६२ योजनामा परिवर्तन गरेको छ । एक पटक आवस्यकता

महसुस गरी योजना तर्जुमा गरिसकेपछि आ व को अन्त्य तिर रकमान्तर गरी अन्य योजनामा बजेट विनियोजन गरी वर्षान्तमा खर्च गर्ने परिपाटिमा नियन्त्रण गर्नुपर्दछ ।

१९ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

२० **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

२१ **आवधिक योजना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ ।

२२ **त्रैमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | १८२९८१४२०.१० | ७५३१९७० | १५३९७०४२.०७ | ५२९७६२१२ | १०७०७६१९६ | ४४४९३२५३ |
| प्रतिशत | १०० | ४.१ | ८.४१ | २८.९५ | ५८.५२ | २४.३२ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु १८ करोड २९ लाख ८१ हजार ४ सय २० निकासा भएकोमा प्रथम त्रैमासिकमा रु ७५ लाख ३१ हजार ( ४.१ प्रतिशत), दोस्रो त्रैमासिकमा रु १ करोड ५३ लाख ९७ हजार ( ८.४१ प्रतिशत), तेस्रो त्रैमासिकमा रु ५ करोड २९ लाख ७६ हजार ( २८.९५ प्रतिशत) र चौथो त्रैमासिकमा रु १० करोड ७० लाख ७६ हजार ( ५८.५२ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ४ करोड ४४ लाख ९३ हजार ( २४.३२ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार

चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

२३ **योजना प्राथमिकिकरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा २.६.८ संग सम्बन्धित अनूसुची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरु गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार ११ वडाको लागि वडागत र पालिकास्तरका कुल २७७ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु ५० लाख माथिका योजना संख्या | रु १० लाख देखि ५० लाख सम्मका योजना सङ्ख्या | रु ५ लाख देखि १० लाख सम्मका योजना सङ्ख्या | रु.२ लाख देखि ५ लाख सम्मका योजना सङ्ख्या | रु.५ लाख देखि १० लाख सम्मका योजना सङ्ख्या | रु.१लाख देखि २ लाखका योजना सङ्ख्या | रु.१ लाख सम्मका योजना सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | विभिन्न | २७७ | १० | १६ | १९ | ७३ | १९ | १०५ | ५४ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये २७७ योजनामात्र कार्यान्वयन भई २१ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

२४ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८०।३।१० मा रु. ७० करोड ५७ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।११ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।३।१७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

२५ **बजेट अवण्डा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु. १ करोड २ लाख १ हजार अबण्डा बजेट व्यवस्था गरी विभिन्न योजनामा रु. ६४ लाख ६३ हजार खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन् :

| क्र सं | योजनाको नाम | बजेट | खर्च |
|---|---|---|---|
| १ | सेवा परामर्श खर्च | १४००००० | १३२२००० |
| २ | नगर सडक | १३२३००० | ११२०००० |
| ३ | नब प्रर्वधन कार्यक्रम | २५००००० | ० |
| ४ | मर्मत सम्भार/सुरक्षित नागरिक आवास | ३०००००० | २९७६००० |
| ५ | सडक बत्ती खरिद तथा जडान | १०००००० | ९२९००० |
| ६ | विद्यालय भौतिक पूर्वधार सुधार/शैक्षिक संस्था सयोग कार्यक्रम | ९७८००० | ११६००० |
| | **जम्मा** | **१०२०१०००** | **६४६३०००** |

२६ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ११९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ८१ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका अधिकृत, इन्जीनियर, प्राविधिक सहित ३८ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

२७ **तलवी प्रतिवेदन**

स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ७(२) कार्यालयले तलबी प्रतिवेदन पास नगराई खर्च लेख्न नमिल्ने कुरा उल्लेख छ। विगतका वर्षहरुमा कानूनी अस्पष्टताको कारण तलबी प्रतिवेदन पारित नगराई खर्च लेखेकोमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.१८, मिति २०७६।०५।१८ को पत्रबाट नगरपालिकाका कर्मचारी र संघबाट काजमा कामकाज गर्न खटिएका कर्मचारीको हकमा सम्बन्धित जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारीत गराउनु पर्ने स्पष्ट निर्देशन प्राप्त भएकोमा तलबी प्रतिवेदन पारीत बिना नै ग्रेड गरी तलब, ग्रेड भूकानी भएको पाईयो ।यस आर्थिक वर्षमा पालिकाले कर्मचारी पारिश्रमिक बापत रु. १,५८,९५,३६१.३४ खर्च लेखेको छ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

२८ **कर्मचारी व्यवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) वमोजिम नगरपालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ। नगरपालिकाले माथि उल्लेखित पद बाहेकको विभिन्न प्राविधिक तथा प्रशासनिक पदहरुमा कर्मचारीहरु करारमा नियुक्त गरी रु १५२६३५५८।– खर्च लेखेको छ। कार्यालयले सभाबाट पारित भएको संगठन तथा व्यवस्थापन सर्वेक्षण बमोजिम प्राविधिक तथा प्रशासनिक पदमा स्थायी पदपूर्ति गर्नुपर्दछ।

२९ **वडा सचिवको पदपूर्ति**

पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।

| वडा संख्या | वडा सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ११ | ११ | ९ | २ |

३० **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु. १० लाख आर्थिक सहायता वितरण गरेको छ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

३१ **अनुदानको अनुगमन**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा रु. १२,८६,३००।- तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा रु. २०,७०,१०० गरी रु. ३३,५६,०००।- खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

३२ **विविध तथा खाजा खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष चियापान, अतिथी सत्कार तथा खाजामा रु. १४,९०,०००।-खर्च गरेको छ । पालिकाको आन्तरीक आम्दानी कम देखिएको अवस्थामा यस्तो भैपरी आउने खर्च रकम समेत नियन्त्रण गर्नुपर्दछ ।

३३ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

३४ **लिलाम विक्री तथा व्यवस्थापन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम १०६ मा सम्पत्ति तथा जिन्सी निरीक्षण गर्दा टुटफुट तथा बेकम्मा भई पुनः प्रयोग गर्न नसकिने, मर्मत गरी पुनः प्रयोग गर्न सकिने भएता पनि सामानको पार्टपुर्जा नपाइने र मर्मत गर्दा उक्त सामानको बजार मूल्यको पच्चीस प्रतिशत भन्दा बढी खर्च हुने वा प्रविधि पुरानो भएको कारण प्रयोग गर्दा कार्य कुशलता घट्ने भनी सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएको सम्पत्ति तथा जिन्सी मालसामान मध्ये कार्यालय प्रमुखले लिलाम गर्नुपर्ने भनी ठहराएको मालसामान त्यस्तो प्रतिवेदन प्राप्त भएको मितिले एक महिनाभित्र लिलाम विक्रीको प्रक्रिया शुरु गर्नुपर्ने उल्लेख गरिएको छ । पालिकाले गठन गरेको जिन्सी निरीक्षण टोलीको प्रतिवेदन २०८०/८१ ले चालु अवस्थामा नरहेका गाडी, मोटरसाइकल, स्कूटर, साइकल, फर्निचर, लगायतका सामानहरु लिलाम विक्रीको लागि सिफारिस गरेको भए तापनि हालसम्म लिलाम विक्री गरेको देखिएन । नगरपालिकाले नियमावलीको पालना गरी सम्पत्ति एवं जिन्सी मालसामानको लिलामी प्रक्रिया शुरु गर्नुपर्ने देखिन्छ।

३५ **जिन्सी निरीक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

३६ **पाम्सको प्रयोग**

नेपाल सरकार मन्त्रीपरीषद्को २०७७/७/२० को निर्णय अनुसार सबै तहको सरकारी कार्यालयहरूको सार्वजनिक सम्पत्तीको लेखाङ्कन, प्रतिवेदन र एकिकृत विवरण तयार गर्न संघ र प्रदेशका सवै सरकारी कार्यालयहरू एवं सवै स्थानीय तहमा सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (Public Asset Management System-PAMS) आर्थिक वर्ष २०७७/७८ देखि अनिवार्य रूपमा लागू गरेको छ । पालिकाले यो आर्थिक वर्षमा स्वास्थ्य तथा शिक्षातर्फखरीद गरेको औषधि, मेडिकल सामानहरु र उपकरण पालिकाको केन्द्रिय जिन्सि खाता अन्तर्गत PAMS मा दाखिला गरेको छैन । साथै मर्मत तर्फको सामानहरू समेत पाम्समा रेकर्ड अद्यावधिक नगरेको कारण कुन कुन सामान कुन मेशिन औजारको मर्मतमा प्रयोग भएको हो यकिन हुन सकिने अवस्था रहेन, अतः सो सम्वन्धमा सुधार हुनुपर्दछ ।

३७ **सम्पत्ती संरक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा पालिकाको क्षेत्र भित्रको सम्पत्ति रेखदेख तथा मर्मत संभारको प्रवन्ध गर्नुपर्ने व्यवस्था छ। साथै सार्वजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा हक हस्तान्तरण गर्न वा लिजमा दिन नपाउने व्यवस्था छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ २ १०४ मा विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालय समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने व्यवस्था छ । साथै हस्तान्तरण भई आएका सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता अद्यावधिक गरी २०७५ असार मसान्त भित्र प्रतिवेदन तयार गर्नुपर्नेमा गरेको देखिएन । अभिलेखको अभावमा हस्तान्तरण भई आएको सम्पत्ति तथा सामाग्रिको यथार्थ अवस्था यकिन हुने देखिएन । अभिलेख प्रणालिमा सुधार गरी सम्पत्ति लेखाङ्कन अद्यावधिक गर्नु पर्दछ ।

३८ **कानून र सञ्चालन स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा हालसम्म बनेका ३ ऐन, ५ कार्यविधि लगायतका ८ कानुनहरू निर्माण गरी स्थानीय राजपत्रमा प्रकाशन गरेको छ ।

३९ **न्यायीक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी १ र यो बर्ष थप भएको २ गरी कुल ३ विवाद दर्ता भएकोमा २ वटा मात्र फछर्यौट भई १ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछर्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

४० **खरिद तथा ठेक्का व्यवस्थापन**

४०.१ **बार्षिक खरिद योजना:-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ (१) मा सार्वजनिक निकायले बार्षिक दश लाख रुपैया भन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक बर्षको अनुमानित बार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक बर्षमा गर्ने खरिदको बार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। साथै त्यस्तो खरिद योजना बनाउदा नियम ७ बमोजिम खरिदको गुरु

योजना तयार भएको भए त्यस्तो गुरु योजनाको समेत आधार लिनुपर्ने उल्लेख छ। कार्यालयले यस बर्ष विभिन्न निर्माण आयोजनाहरु सञ्चालन गरेकोमा नियमावलीको उपर्युक्त प्रावधान अनुसार खरिद योजना तयार गरेको पाइएन। यसमा सुधार हुनुपर्दछ।

४०.२ **खरिद कारवाही अभिलेख** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम(२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, वोलपत्र वा पूर्वयोग्यताको लागि आव्हान गरिएको सूचना, बोलपत्र, पूर्वयोग्यता वा प्रस्ताव आव्हान सम्बन्धी कागजात, प्रस्तावदाताहरुलाई पठाएको जवाफ, बैठकको माइन्यूट, बोलपत्रको मूलप्रति, पूर्वयोग्य भएका बोलपत्रदाताको योग्यता, मूल्यांकन प्रतिवेदन, सफल वोलपत्रदातालाई पठाएको स्वीकृतिको प्रारम्भिक सूचनाको प्रतिलिपि, असफल बोलपत्रदाताहरुलाई पठाएको सूचनाको प्रतिलिपि, खरिद सम्बन्धी प्रकाशित सूचनाहरु, खरिद सम्झौता, प्रगति प्रतिवेदन, इन्भ्वाइस र निरीक्षण प्रतिवेदन, खरिद सम्झौतामा संशोधन गरिएको भए सो सम्बन्धी कागजात, मालसामान प्राप्ति, निरीक्षण र स्वीकृति लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राख्ने गरेको, लेखापरीक्षणले माग गरेको खरिद सम्बन्धी सम्पूर्ण विवरणहरु प्राप्त हुन नसकेको अवस्था छ । अतः नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ ।

४०.३ **ठेक्का अभिलेखः-** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

४०.४ **कन्टिन्जेन्सी खर्च** - निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) संग सम्बन्धि अनुसूची-१ मा तोकिए अनुसार वर्क चार्ट स्टाफ २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशतसम्म कन्टिन्जेन्सी लागत अनुमानमा थप गर्न पाउने व्यवस्था छ। कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा र प्रत्येक कार्यक्रम खर्चबाट समेत कन्टिन्जेन्सी रकम कट्टा गर्ने गरेको देखिएतापनि सोको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख राख्ने गरेको छैन। यसबाट कन्टिन्जेन्सी खर्च एकिन गर्न सकिएन । नियमावलीमा ब्यवस्था भए बमोजिम योजनागत कन्टीन्जेन्सी खर्चको अभिलेख राखी योजना बनाई कन्टिन्जेन्सी खर्च गर्नुपर्दछ ।

४१ **फोहरमैला व्यवस्थापन**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

४२ **वितरणमुखी कार्यक्रम**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(२) मा योजना तर्जुमाको आधार तय गरेको छ । कार्यक्रम तर्जुमा गर्दा सोही आधारलाई मध्यनजर गरी कार्यक्रम छनौट र कार्यान्वयन गर्नुपर्नेमा सो विपरित व्यक्ति तथा संस्थालाई फाईदा पुग्ने गरी सामग्री खरिद गरी वितरण गरेको छ । विपन्न तथा लक्षित बर्गलाई फाईदा पुग्ने, समूहमा आधारित कार्यक्रम तथा न्यून आय वर्गका लागि दिगो रोजगारी सिर्जना गर्न सक्ने कार्यक्रममा अनुदान प्रदान गर्दा समूहको सिफारीस व्यक्तिको खरिद गर्न सक्ने क्षमताको मूल्याँकन, वितरित सामानको दिगो उपयोग तथा दिगो आयआर्जनको उपयुक्त व्यवस्था मिलाएर मात्र अनुदान वितरण गरिनु पर्दछ।

| भौ.नं. मिति | सहयोगको विवरण | अनुदान रकम |
|---|---|---|
| ४५९-२०८१।३।१२ | २ वटा विद्युतिय मिल खरिद र वितरण | ९०००० |
| ४७६-२०८१।३।१३ | २ वटा विद्युतिय मिल खरिद र वितरण | ९०००० |
| ५१६-२०८१।३।१८ | ४ वटा विद्युतिय मिल खरिद र वितरण | १९२००० |
| ५१८-२०८१।३।१८ | १४ बंगुर पाठा खरिद र वितरण | १००००० |
| ५४९-२०८१।३।२० | ४ बण्डल रंगिन जस्ता पाता खरिद र वितरण | ५७८५६ |
| ११५-२०८०।९।६ | ९६ बण्डल जस्ता पाता खरिद र वितरण | १३९१०३ |
| ५५५-२०८१।३।२० | ५७ हिलट्ङ्क खरिद र वितरण | ३००००० |
| ५७३-२०८१।३।२१ | वडा नं.५ मा ११ सुगुँर पाठा खरिद र वितरण | ९८००० |
| ३५०-२०८१।१।२१ | विभिन्न साइजका ३७६८ मिटर पाइप वडा नं८ का १२ जनालाई वितरण | १६१५०० |
| ३५६-२०८१।१।२५ | विभिन्न साइजका ५१२० मिटर पाइप वडा नं ११ का २७ जनालाई वितरण | १७६००० |
| | **जम्मा** | १४०४४५९ |

## ४३ पूँजीगतबाट चालु खर्च

एकीकृत आर्थिक संकेत तथा बर्गीकरण र व्याख्या, २०७४ मा पूँजीगत शीर्षकमा विनियोजित वजेटबाट चालु खर्च गर्न नपाइने उल्लेख छ। नमुना छनौट गरी परीक्षण गर्दा कार्यालयले यो वर्ष सभाबाट पारित गरी रु. २,५४,९७,३००।– चालु खर्च नगरपालिका पुँजीगत वजेटमा समावेश गरेर वितरणमुखी कार्यक्रमहरुमा खर्च लेखेको देखियो। चालु प्रकृतिका खर्च चालु वजेट शिर्षकका समावेश गरी वजेट खर्च लेख्ने तथा वितरणमुखी कार्यक्रमहरुमा गरीने खर्चहरुमा सुधार ल्याउनु पर्दछ ।

| गो.भौ.नं. | विवरण | रकम रु |
|---|---|---|
| विभिन्न | पालिकामा जन्मिएका बालिकाहरुको नाममा मुद्दति बचत | १३,२४,००० |
| ४६१ | महिला स्वयम सेविकाहरुलाई व्याग, फिल्टर र जग वितरण | ९९,५०० |
| ४८२ | महिला दलित तथा अपाङ्गहरुको नेतृत्व विकास | ९९,००० |
| ५०९ | कृषि तथा पशु प्रवर्द्दन अन्तर्गत औषधि वितरण | २,१५,००० |
| ५१९ | खेलकुद सामाग्रि खरीद र वितरण | १,००,००० |
| ५२४ | विषादी खरिद वितरण | ४५,००० |
| ५३१ | साकेला शिली मारुनी नाच तिज विशेष कार्यक्रम | १,२३,८०० |
| ५४२ | कृषिजन्य तरकारी विउ वितरण | ९९,००० |
| विभिन्न | नगर शिक्षकहरुको तलब भत्ता | २,३२,९२,००० |
| ७२ | वडा नं.३ खेलकुद कार्यक्रम | १,००,००० |
| **जम्मा** | | **२,५४,९७,३००** |

## ४४ आर्थिक सहायता वितरण

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा १९मा स्वीकृत बजेट तथा बार्यक्रमको अधिनमा रही बजेट कार्यान्वयन गर्नुपर्ने उल्लेख छ त्यस्तै दफा २० मा कुनै बजेट शीर्षकममा बजेट अपुग भएमा विनियोजन ऐनको सिमा भित्र रही रकमान्तर

गरी खर्च गर्न सक्ने तथा नियम ३९(१०) मा खर्च लेख्नु अघि त्यस्तो खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ । नगरपालिकाले कार्यविधी तयार नगरी आर्थिक सहायता शिर्षकको अतिरिक्त अन्य शिर्षकबाट नगर प्रमुखको तोक आदेशबाट देहाय बमोजिमका विभिन्न व्यक्ति, संघसंस्थाहरुलाई आर्थिक सहायता शीर्षकको अतिरिक्त अन्य शीर्षकबाट रु १०००००।– आर्थिक सहायता वितरण गरेको पाइयो।

| **गो.भौ.नं./मिति** | **भुक्तानी लिने व्यक्ति/ सँस्थाको नाम** | **खर्च शीर्षक** | **भुक्तानी रकम रु.** |
|---|---|---|---|
| ३४।२०८०।६।११ | पूर्वाञ्चल गन्धर्व साँस्कृतिक उत्थान समाज | भाषा, साहित्य | ४०००० |
| ८४९।२०८१।३।२४ | पदम शेर राई | विपद व्ययवस्थापन | १५००० |
| १०१।२०८०।६।२१ | कर्ण बहादुर बस्नेत | संघ संस्था सहयोग कार्यक्रम | ३०००० |
| २०९।२०८०।११।२९ | राम बहादुर बुढाथोकी | वन वातावरण तथा विपद् व्यवस्थापन | १५००० |
| **जम्मा** | | | **१०००००** |

४५ **खेलकुद कार्यक्रम**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) बमोजिम प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, कार्यदक्षता, प्रभावकारिता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने उल्लेख छ। कार्यालयले पालिका अन्तर्गत सञ्चालित खेलकुद कार्यक्रम, अन्तरपालिकामा सञ्चालित खेलकुद कार्यक्रम तथा जिल्ला स्तरिय खेलकुद कार्यक्रम सञ्चालन बापत रु १६,२७,०००।– खर्च लेखेको छ। खेलकुदसँग सम्बन्धित विल भरपाई परिक्षण गर्दा खेलाडी संख्या भन्दा पाँच गुणा बढी सम्म खाना तथा खाजा खर्च लेखेको पाइयो। पालिकाले खेलकुद समिति गठन गरी पालिका भित्रका टिम, क्लबहरुलाई दर्ता गर्ने र दर्तावाल टिम तथा क्लबहरुमा सहभागि खेलाडी संख्या, कोच तथा सोसंग सम्बन्धित आवश्यक पदाधिकारीहरुको संख्या निर्धारण गरी आवश्यक खर्चलाई व्यवस्थित गर्ने नर्म्स तयार गरी खर्च गर्नुपर्दछ।

| गो.भौ.नं. मिति | उपभोक्ता समितिको नाम तथा कार्यक्रम | भुक्तानी रकम |
|---|---|---|
| ६३-२०८०।६।१५ | चाम्लिङ डाडाँ चुक्तरे युवा क्लब | ३०००० |
| ७२-२०८०।८।२० | सन्जिव कुमार कडायत | १००००० |
| ७६-२०८०।८।२१ | युवा खेलकुद कार्यक्रम निर्माण उ.स. | ९६००० |
| १११-२०८०।९।५ | फुटबल प्रतियोगिता संचालन सुनिल रिजाल | १००००० |
| १५४-२०८०।१०।१६ | सिताराम बस्नेत | १४४००० |
| १७७-२०८०।८।१८ | बाहुनिडाडाँ फूटबल क्लब | ९६००० |
| ७४४-२०८१।३।१८ | बाहुनिडाडाँ फूटबल क्लब | १००००० |
| ६२०-२०८१।२।१३ | जगत राई सहभागी यातायात खर्च | १४००० |
| ३२६-२०८०।१०।२३ | महेन्द्रोदय मा.वि. | ६५००० |
| ३४५-२०८०।१०।२८ | हिरोन माझी | २५००० |
| ५१९-२०८१।३।१८ | सुरेन्द्र थापा | १००००० |
| ५३०-२०८१।३।१९ | दुर्छिम माध्यामिक विद्यालय | १४४००० |
| ५६१-२०८१।३।२० | प्रकाश भण्डारी | ९६००० |
| ६२४-२०८१।३।२४ | दिपक जनज्योती आधारभूत विद्यालय | ९४००० |
| ६३३-२०८१।३।२४ | जनकल्याण आधारभूत विद्यालय | ५७००० |
| ७८४-२०८१।३।२१ | मिलन कसजु कार्यक्रम सञ्चालन | ३३१००० |
| ७८५-२०८१।३।२१ | मिलन कसजु राष्ट्रपति रनिङ शिल कार्यक्रम | ३५००० |
| **जम्मा** | | **१६२७०००** |

४६ **पदाधिकारी तथा कर्मचारी अनुगमन भत्ता**

कोशी प्रदेश गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ सँग सम्बन्धित अनुसूची १ (ख) बमोजिम गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष र कार्यपालिका सदस्यले तोकिएको दरमा मासिक अनुगमन भत्ता पाउने र सो भत्ता भुक्तानी लिंदा मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले आर्थिक वर्ष २०८०।०८१ मा गो भौ न ८२९-२०८१।३।२३ बाट विभिन्न पदाधिकारी र कर्मचारीलाई विभिन्न योजनाको अनुगमन गरेको भनी अनुगमन भत्ता बापत रु २,२५,०००।- खर्च लेखेको पाइयो। ऐनको व्यवस्था बमोजिम पदाधिकारीहरुले मासिक रुपमा अनुगमन सुविधा लिएको अवस्थामा पुन: अनुगमन भत्ता लिन पाउने कानूनी आधार नदेखिएकोले ऐन सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,२५,००० |

४७ **सुचना प्रकाशन**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम (९) बमोजिम कुनै पनि सार्वजनिक निकायले खरिदको विकल्प खरिद कार्य सम्पन्न गर्नका लागि लाग्ने अधिकतम रकम र समय लगायतका विषयहरु संलग्न गरी खरिद कार्यको लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। पालिकाले आर्थिक वर्षको सुरुवातमा नै सार्वजनिक खरिद कानून बमोजिम प्रतिस्पर्धा गराई सूचना तथा विज्ञापन प्रकाशन गर्नुपर्नेमा सो नगरी रु. १५,०४,२३१।– को सोझै खरिद गरेको छ। सूचना प्रकाशन गर्दा फर्म तथा मिडियाहरुबीच प्रतिस्पर्धा गराई न्यून कवोल गर्ने र

बढी प्रतिशत छुट दिने मिडिया फर्मसँग सेवा लिनुपर्नेमा देहायका फर्मबाट सूचना प्रकाशन गरेकोमा ती फर्मले छुट प्रतिशत दिएको पाइएन। अतः सूचना प्रकाशन गर्दा बढी छुट प्रतिशत दिने फर्मबाट सूचना प्रकाशन गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

| **गो.भौ.नं/मिति** | **सेवाप्रदायक** | **भुक्तानी रकम** | **छुट लिएको प्रतिशत** |
|---|---|---|---|
| १००।२०८०।०६।२१ | इफोकस मिडिया प्रा लि | ३८००० | |
| | खोटाङखबर साप्ताहिक | ३९८०० | |
| | प्रभाव न्युज नेटवर्कस प्रा लि | ५०००० | |
| | बिरासत मिडिया प्रा लि | ३५००० | |
| | रुपाकोट मिडिया प्रा लि | ५०००० | |
| | समायोजन खबर मिडिया ग्रुप प्रा लि | ४०००० | |
| | हलेसी खबर पत्रिका | ४०००० | |
| १०६।२०८०।०६।२६ | साझा संचार प्रा लि | ३३९०० | |
| १५०।२०८०।८।१० | क्रियटिभ | ५०००० | |
| २०३।२०८०।८।२९ | पश्चिम पोष्ट राष्ट्रिय साप्ताहिक | ४०००० | |
| २९८।२०८०।१०।१६ | रोदिक मिडिया नेटवर्क प्रा लि | ४५९०० | |
| ३६८।२०८०।३।१८ | मिरर मिडिया प्रा लि | ४२८४० | |
| ९६।२०८०।९।०१ | ऐना एडभरटाइजमेन्ट | ८६५०० | ० |
| ५७८।२०८१।३।२२ | समृद्ध समाचार प्रा लि | ५०००० | |
| | रुपाकोट मिडिया प्रा लि | ५०००० | |
| | सेतुम्मा मिडिया प्रा लि | ४०००० | |
| | पिस नेपाल मल्टि पर्पोज प्रा लि | १००००० | |
| | समायोजन खबर मिडिया ग्रुप | ५०००० | |
| ४१।२०८१।०१।३१ (सशर्त) | एम आर एडभरटाइजिङ्ग एजेन्सी | ७१४०० | |
| ४४।२०८१।०२।०३ (सशर्त) | भेटघाट मिडिया प्रा लि | ७१४०० | |
| **जम्मा** | | **१०२४७४०** | |

४८ **ड्राइभिङ तालिम**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **४,४१०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४९ **कृषि तथा पशुपंछी**

४९.१ **६४९-२०८१।३।२४** पालिकाले पशुपंक्षी विकास कार्यक्रम सञ्चालन गर्नुपुर्व कृषकहरुबाट माग संकलन गरी प्रस्तावित मागको आधारमा कार्यक्रम सञ्चालन गर्नुपर्दछ। पालिकाले यस बर्षको कार्यक्रममा ७५ प्रतिशत कार्यालयको र कृषकहरुको २५ प्रतिशत लागत साझेदारी हुने गरी सञ्चालन गरेको पशुपंक्षी कार्यक्रममा रु. ४,४३,०००। मा २१ बाख्रा, बोका र ११ सुगुर पाठा खरिद भए अनुसार पालिकाबाट रु.३,००,०००। भुक्तानी भएको छ। पालिकाले यसरी खरिद गरेका पशुपंक्षीहरुको स्वास्थ्य परिक्षण, विमा, ट्यागिङ र जातिय शुद्धता खुल्ने ब्रिडिङ सर्टिफिकेट समावेश छैन । यसबाट तोकिए बमोजिमको जातिय शुद्धता भएको स्वस्थ्य बाख्रा तथा बंगुर खरिद भयो भनी आश्वस्त हुन सकिएन। वितरण गरीएका बाख्रा, बोका र बंगुरहरु निश्चित अवधि सम्म बोका वेचविखन गर्न नपाउने र विउ पूँजीको रुपमा अन्य कृषक समुहहरुमा साटफेर गर्ने गरी कबुलियतनामा गराउनुपर्नेमा गरेको छैन। यसबाट अनुदानको सहि सदुपयोग हुनेमा विश्वस्त हुन सकिएन। यस प्रकारका वितरण मुखी कार्यक्रममा नियन्त्रण हुनुपर्दछ।

४९.२ विल भपाई

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रु **१२,३०५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

४९.३ गो.भौ.नं. ४४७-२०८१।३।२४ कृषि तथा पशुपन्छी डायरी, २०८० मा फलफूल विरुवाहरुको सरकारी मूल्य सूचि प्रकाशित छ। सो मूल्य सूचि अनुसार कागती र सुन्तला फलफूल बिरुवाको मूल्य रु.४५ रहेकोमा कार्यालयले कालिका देवि कृषि तथा पशु फर्मबाट रु.५० को दरले १०० कागती विरुवा र रु.६४। को दरले ८०० सुन्तला विरुवा खरिद गरी रु.५६२००। भुक्तानी गरेको छ। सरकारी दररेट भन्दा बढी मूल्य भुक्तानी भएको रु.१५७००। सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| **फलफूलको नाम** | **संख्या** | **दर** | **कृषि डायरी बमोजिमको मूल्य** | **फरक दर** | **जम्मा** |
|---|---|---|---|---|---|
| सुन्तला | ८०० | ६४ | ४५ | १९ | १५२०० |
| कागती | १०० | ५० | ४५ | ४ | ५०० |
| **जम्मा** | | | | | **१५७००** |

| असुल गर्नुपर्ने | १५,७०० |
|---|---|

## ५० **आन्तरिक लेखापरीक्षणबाट कायम बेरुजु**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्त्व नियमावली,२०७७ को नियम ८५ (१) मा कार्यालयले आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको कैफियत सम्बन्धमा त्रैमासिक प्रतिवेदनको हकमा अर्को त्रैमासिक अवधिभित्र तथा वार्षिक प्रतिवेदनको हकमा अन्तिम लेखापरीक्षण हुनु अगावै आवश्यक प्रमाण संलग्न गरी बेरुजु फस्र्यौट गर्नु, गराउनु पर्ने व्यवस्था रहेको छ। यसका बावजुत पालिकाले आन्तरिक लेखापरीक्षणबाट कायम देहायका बेरुजु उपर कारवाही गरेको पाइएन।

५०.१ दोहोरो भुक्तानी

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१५** को निर्णयले रु **११,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

५०.२ उपस्थिती बेगर भुक्तानी

( ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५०.३ परिर्वतन नेपाललाई बढी भुक्तानी

( ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१५** को निर्णयले रू **२०,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५०.४ समिक्षा आर्चायलाई बढी भुक्तानी

( ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **३,३००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५०.५ बहाल कर

( ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **१,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५०.६ वन तथा विपद व्यवस्थापन कार्यक्रम खन्तर्गत खर्च लेख्दा देहाय बमोजिम फरक कार्यमा खर्च लेखेको नियमसम्मत नभएको रु

| **गो भौ नं र मिति** | **खरिद तथा वितरण विवरण** | **भुक्तानी पाउने** | **खर्च रकम** |
|---|---|---|---|
| ५५४, २०८१।३।२० | जर्सी, सामान ढुवानी, पेट्रोल | सुरेन्द्र थापा | ५४४०० |
| ४९६, २०८१।३।१६ | दराज, कुर्सी, टेबुल | प्रकाश भण्डारी | ३२००० |
| **जम्मा** | | | **८६४००** |

| | |
|---|---|
| अनियमित भएको | ८६,४०० |

५१ **उपभोक्ता समितिबाट कार्य**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने लगायतका व्यवस्था छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्ः

५१.१ उपभोक्ता समिति दर्ता - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई

जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्ययको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्र मार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।

५१.२ अभिलेख - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) मा उपभोक्ता समितिले निर्माण कार्य सम्पन्न गरिसकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद र जिन्सीसमेत कुल खर्चको विवरण सो निकायमा पेश गर्नुपर्ने र सम्बन्धित सार्वजनिक निकायले त्यसरी प्राप्त भएको विवरण तथा उक्त निर्माण कार्यको सर्भे, डिजाइन, लागत अनुमान, सुपरिवेक्षण र कार्य सम्पादन गर्ने व्यक्ति तथा पदाधिकारीको नाम र पदसमेत खुल्ने गरी कार्य सम्पन्न प्रतिवेदन तयार गरी अभिलेख राख्नु पर्ने उल्लेख छ । उपरोक्त अनुसारको प्रावधान पूरा गर्दा निर्माण पश्चात कुनै त्रुटि देखिएमा सम्बन्धित व्यक्तिलाई जिम्मेवारी बनाउन सकिन्छ । तसर्थ उपभोक्ता समितिबाट भएका कार्यको नियमले तोकेको प्रकृया पूरा गरी अभिलेख राख्नु पर्दछ ।

५१.३ उपभोक्ता समितिको श्रेस्ता अनुगमन - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिवाट सञ्चालित कार्यक्रमको लेखा दुरुस्त राख्ने दायित्व सम्बन्धित उपभोक्ता समितिका प्रमुख, कोषाध्यक्ष र सदस्य सचिवको हुने, लेखा दुरुस्त नराखेको पाइएमा प्रचलित कानूनबमोजिम कारबाही हुने एवं भए गरेको कामलाई नगरेको तथा नगरेको कामलाई गरेको सिफारिस गर्ने, नापजाँच प्राविधिक सुपरीवेक्षण गर्ने र अन्तिम मूल्याङ्कन गर्ने कर्मचारीलाई प्रचलित कानूनबमोजिम कारबाही हुने व्यवस्था छ।उपभोक्ता समितिले राखेको लेखाको सम्बन्धमा अनुगमन गरेको देखिएन।उपभोक्ता समितिमार्फत् भुक्तानी गर्दा आयकर ऐन, २०५८ बमोजिम श्रोतमा अग्रिम आयकर कट्टी गर्नुपर्ने, स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र भएकासँग खरिद गर्नुपर्ने व्यवस्थाको पालना भएको छैन।उपभोक्ता समितिबाट खरिद गरिएका विभिन्न जिन्सी, निर्माण सामग्री र हेभी मेशिनको भुक्तानीमा अग्रिम आयकर कट्टी गरेको समेत देखिएन। उपभोक्ता समितिले लेखा नराख्ने, पालिकाबाट अनुगमन नहुने अवस्थामा आयकर ऐन, २०५८ अनुसार लाग्ने आयकर तथा भुक्तानीमा असुली गरिने कर रकम निर्माण व्यवसायी तथा आपूर्तिकर्ताबाट छली हुन सक्ने भएकोले अनुगमन गर्नुपर्दछ ।

५१.४ **डिजेल खर्च**- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले रनिङ विल वा अन्य कुनै बिल बीजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम प्राविधिक नाप जाँच गरी प्राविधिक नर्म्स अनुसार भुक्तानी गर्नुपर्ने उल्लेख छ। कार्यालयले गोश्वारा भौचर नम्बर ५६६-२०८१।३।२१ बाट बाईटार कर्ले दुम्रे खर्क गोपिटार ग्रामिण सडक निर्माण बापत उक्त उपभोक्ता समितिलाई ६८८ घण्टा डोजर प्रयोग गरेको भनी १२२२८ लिटर डिजेलको रु.१३७ को दरले रु.१६७५२३६। भुक्तानी गरेको छ। कार्यालयले तयार गरेको प्राविधिक नर्म्स अनुसार निम्न निर्माण कार्य गर्दा डोजरले प्रति घण्टा निम्नानुसार ११५४५ लिटर मात्र तेल खपत गर्नुपर्नेमा १२२२८ लिटर तेल खपत गरेको देखिएकोले रु.९३५७१। बढी व्ययभार परेको रु.

| कामको विवरण | कार्य परिमाण | लागेको समय घण्टा | डिजेल खपत प्रति घण्टा | नर्म्स अनुसार लाग्ने डिजेल लिटर | खरिद डिजेल | फरक | दर | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| Ordinary soil cutting | २९६६६.७५ | ३१० | १३.५ | ४१८५ | १२२२८ | ६८३ | १३७ | ९३५७१ |
| Gravel boulder mix soil cutting | १८०९४.२४ | २२६ | १६ | ३६१६ | | | | |
| Medium rock cutting | ५८८९.४१ | १०२ | २२ | २२४४ | | | | |
| Hard rock cutting | २०१० | ५० | ३० | १५०० | | | | |
| जम्मा डिजेल | | | | ११५४५ | १२२२८ | ६८३ | १३७ | ९३५७१ |

| | |
|---|---|
| अनियमित भएको | ९३,५७१ |

५१.५ **निर्माण व्यवसायीको प्रयोग**– सार्वजनिक खरिद ऐन, २०६४ को दफा ९७(१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्नेछ र कुनै निर्माण व्यवसायी वा सव कन्ट्राक्टरवाट गराउन नसकिने व्यवस्था छ । कार्यालयले उपभोक्ता समिति मार्फत कार्य गराउने गरी सम्झौता गरेका अधिकांश योजनाहरु उपभोक्ता समिति आफैले काम नगरी निर्माण व्यवसायीसँग काम गराई कार्यालयको लागत अनुमान बरावरनै निर्माण व्यवसायीको डोजर र इन्धनको विल राखी भुक्तानी लिने गरेको देखियो ।नमुना छनौटको आधारमा परीक्षण गर्दा उपभोक्ता समितिले कार्यालयवाट तयार गरेको लागत अनुमान वरावरको कामको निर्माण व्यवसायीको मू.अ.कर विजक राखी भुक्तानी लिने गरेवाट उपभोक्ता समितिले आफ्नो योगदानबाट गर्नुपर्ने कार्य नगरी केवल अनुदान रकमको मात्र काम गर्ने गरेको देखियो । उपभोक्ता समितिले श्रम योगदान नगरेवाट केवल प्रक्रिया पुर्‍याउने प्रयोजनको लागि उपभोक्ता समितिसंग सम्झौता गरेकोमा निर्माण व्यवसायीले मध्यस्थकर्ताको रुपमा मात्र काम गर्ने गरेको देखियो। लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी प्राविधिकबाट सिफारिश भएको अवस्थामा मात्र सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिनेमा योजनाका उपभोक्ता समितिहरुले प्राविधिकको सिफारिश गराई कार्यालयबाट सहमति लिएको देखिएन। श्रमदान नहुने यस प्रकारका निर्माण कार्यहरुमा उपभोक्ता समिति संलग्न गराई खर्च लेख्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

| गो. भौ.नं.। मिति | उपभोक्ता समिति | खर्च रकम | इन्धन तथा मेशिनरी बिल रकम |
|---|---|---|---|
| ६५।२०८०।०८।१९ | ५ नं वडा दुर्छिमका ग्रामीण सडक मर्मत | ५२४९८० | ६१३५५९ |
| ६७।२०८०।०८।१९ | सिमलचौर छुम्पाङ डिकवा सडक मर्मत | ६६०००० | २३४९९७ |
| ६८।२०८०।०८।१९ | बानाम्ला डाँडाखर्क ग्रामीण सडक निर्माण योजना | १३७३२९ | १६५९५९ |
| ६९।२०८०।०८।१९ | शाखा सडकहरु मर्मत योजना | ३८२४८६ | ४०६०५४ |
| ९८।२०८०।०९।०२ | बाटो सरसफाई | २८७३२७ | ३०४७७२ |
| २१८।२०८०।१२।७ | ग्रामीण सडक १ -९ मर्मत | २८७५०० | १६०४८८ |
| २६८।२०८०।१२।१९ | धुसेनी कार्तिके ग्रामीण सडक | २८८००० | ३३२५०५ |
| २७४।२०८०।१२।१९ | ग्रामीण सडक सरसफाई | ९४०७५ | १००१८९ |
| २९६।२०८०।१२।२७ | सडक सरसफाई | ९६००० | १००६८६ |
| **जम्मा** | | **२७५७६९७** | |

५१.६ **जटिल संरचना निर्माण** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन निर्माणका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । कार्यालयले निम्नानुसारका भवन निर्माण कार्य उपभोक्ता समिति मार्फत गराउंदा सम्झौतामा उपभोक्ता समितिको लागत सहभागिता रहने गरी निर्माण कार्यको सम्झौता गरेपनि उपभोक्ता समितिवाट जनसहभागिताको अंश प्रयोग हुने अवस्था देखिंदैन । त्यस्तै भवन निर्माण पश्चात गर्नुपर्ने मर्मत सुधार कार्य कसले गर्ने सोको स्पष्ट व्यवस्था गरेको देखिंदैन । त्यस्तै सम्झौता बमोजिम कार्यसम्पन्न नगर्ने, कार्यसम्पन्न नभएकोमा उपभोक्ता समितिलाई जिम्मेवार बनाई कारवाही नहुने अवस्था देखिन्छ। अत: यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन्

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ४७५-२०८१।३।१३ | उर्गेन दोङ्ग छोईलिङ्ग गुम्बा निर्माण योजना | गुम्बा निर्माण | २०८०८३६ |
| ५०१-२०८१।३।१७ | सुनखरी आमा समुह भवन निर्माण उ.स | भवन निर्माण | १९२००० |
| ५८४-२०८१।३।२२ | भदौरे आमा समुह | भवन निर्माण | ४८०००० |
| जम्मा | | | २७५२८३६ |

उर्गेन दोङ्ग छोईलिङ्ग गुम्बा निर्माण कार्यको लागि डि.पि.आर अनुसार रु.१,५६,८१,४५७।७९ लाग्ने गरी लागत अनुमान तयार गरेकोले भवन निर्माण सम्पन्न हुने गरी बजेट विनियोजन गर्ने तथा नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

५१.७ हलेसी मंगलटार घोपाटार सडक मर्मत योजना- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङकन, वील, भरपाई, र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । कार्यालयले उपभोक्ता समितिसँग सम्झौता हुँदा सोही व्यहोरा उल्लेख गरी सम्झौता गर्ने गरिएको छ। हलेसी मंगलटार घोपाटार सडक मर्मत उपभोक्ता समितिको पि.सि.सी. (१:४:८) वर्क इन फाउन्डेसन वाल लिवर वेड कार्य २.४९ घनमीटर र आर.आर स्टोन मेसेनरी वर्क १:४ कार्य ३८.२२ घन मीटरको नर्म्स विश्लेषण गर्दा पि.सि.सी. १:४:८ कार्यको लागि ०.१७० मेट्रिक टन सिमेन्ट लाग्ने हिसावले २.४९ घ.मी. कार्य गर्नको लागि ५० के.जीको ८.५ बोरा र आर.आर स्टोन मेसेनरी वर्क १:४ कार्यको लागि ०.१५९ मेट्रिक टन सिमेन्ट लाग्ने हिसाबले १२१.५ बोरा समेत दुवै कार्य गर्न १३० बोरा सिमेन्ट लाग्ने देखिन्छ। गोश्वारा भौचर नं. ५३३-२०८१।३।१९ साथ संलग्न वील अनुसार उपभोक्ता समितिले जम्मा ९१ बोरा सिमेन्ट खरिद गरेको देखिन्छ । नर्म्स अनुसार कार्यसम्पन्नमा १३० बोरा सिमेन्ट प्रयोग हुने देखीएकोमा उपभोक्ता समितीले ९१ बोरा मात्र खरिद गरेको विल पेश गरेको छ। नर्म्स अनुसार सिमेन्ट प्रयोग सम्बन्धमा कार्यालय स्पष्ट हुनुपर्दछ।

५१.८ **पाइप घटी जडान :-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ उपनियम १ को खण्ड ख बमोजिम प्राविधिक नापजाँच पश्चात नापि कितावमा भएको वास्तविक कार्यसम्पादन परिमाणका आधारमा मात्र खर्च तथा भुक्तानी लेख्न मिल्ने व्यवस्था रहेको छ । नमुना छनौट गरी निम्न योजनाहरुको नापि लुज सिट परीक्षण गर्दा निम्न योजनाहरुमा विभिन्न मूल्यको १०६०० मीटर पाइप खरिद भएकोमा ३३४० मिटर पाइप मात्र जडान भएको देखिएकोले बाँकी ८२६० मिटर पाइप सम्बन्धित योजनामा जडान भएको प्रमाण पेश हुनु पर्ने रु.

| **गो.भौ.नं. मिति** | **योजनाको नाम** | **पाइप प्रकार** | **खरिद मिटर** | **दर** | **योजनामा जडान परिमाण** | **बाँकी पाइप** | **औषत दर** | **रकम** | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| ४४६-२०८१।३।९ | वडा नं.१० मा पाइप खरिद योजना | २० mm PN १६ | ५४०० | ३५.९ | २१९० | ३२१० | | ११५२३९ | उ.सबाट खरिदमा लगती गरीएको |
| ५८६-२०८१।३।२३ | वृहत मंगलटार खानेपानी | २५mmPN१०<br>२० mmPN१६<br>१६mmPN२० | २०००<br>२१००<br>२१०० | ५४.२३<br>३५.९<br>२८.७१ | ११५० | ५०५० | ३९.६१ | २,००,०३० | |
| **जम्मा** | | | | | | | | **३१५२६९** | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,००,०३० |

५१.९ **उपभोक्ता समिति मार्फत खरिद** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम श्रममूलक र रोजगारी सृजना हुने किसिमका निर्माण कार्य उपभोक्ता समितीवाट गराउन सक्ने प्रावधान रहेको छ । उपभोक्ता समिति मार्फत सम्पन्न हुने योजनाहरुमा आवश्यक पर्ने पाईप तथा फिटिङ्स सामग्रीहरु र खेलकुद सामाग्रीहरु योजनागत लागत बनाई प्रतिस्पर्धात्मक तवरले कार्यालयले खरिद गरी उपलव्ध गराउने र निर्माण कार्य उपभोक्ता समितिसंग सम्झौता गरी कार्य गर्नुपर्दछ। कार्यालयले सो नगरी खरिद कार्य समेत उपभोक्ता समिति मार्फत गराई उपभोक्ता समितिले नै सिधै सप्लायर्स मार्फत खरिद गरेकोले खरिद प्रतिस्पर्धि तथा मितव्ययी देखिएन। विना प्रतिस्पर्धा उपभोक्ता समिति मार्फत खरिद भएको यस प्रकारको खरिद रु.१२८३३६६। अनियमित देखिएको रु.

| **भौ.नं. मिति** | **उपभोक्ता समितिको नाम** | **खरिद प्रकार** | **खरिद रकम** |
|---|---|---|---|
| ४४६-२०८१।३।१९ | पाइप खरिद योजना उ.स वडा नं.१० | पाइप खरिद | २०१३६६ |
| ४६७-२०८१।३।१३ | डाडाँगुठ खानेपानी पाइप खरिद योजना उ.स | पाइप खरिद | २८८००० |
| ५२१-२०८१।३।१९ | श्री कालिका मा.वि व्यवस्थापन समिति | खेलकुद सामाग्री खरिद | ४००००० |
| ५३०-२०८१।३।१९ | श्री दुर्छिम मा.वि | खेलकुद सामाग्री खरिद | १४४००० |
| ५४४-२०८१।३।२० | पिपलडाँडा देविस्थान मा.वि | खेलकुद सामाग्री खरिद | २५०००० |
| | **जम्मा** | | १२८३३६६ |

| | |
|---|---|
| अनियमित भएको | १२,८३,३६६ |

५१.१० **नर्म्स भन्दा बढी भुक्तानी**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्ने उल्लेख छ। नमुना छनौट गरी सडक निर्माण कार्यमा कार्यालयले प्रयोग गरेका स्काभेटर तथा व्याकोलोडरको भाडा दर परीक्षण गर्दा सडक विभागबाट स्वीकृत दररेट भन्दा बढी दरमा भुक्तानी गरेको पाइयो । स्वीकृत दररेट भन्दा बढी हुने गरी भुक्तानी भएको रु.५२२४८ असुल हुनुपर्ने रु

| **गो.भौ.नं. मिति** | **योजनाको/उ.सको नाम** | **सवारी किसिम** | **प्रयोग समय** | **भुक्तानी दर** | **सडक विभागबाट स्वीकृत दररेट** | **फरक** | **जम्मा** |
|---|---|---|---|---|---|---|---|
| १२-२०८०।६।१४ | दुर्छिम मंगलटार सिजन मार्ग | स्काभेटर | ३० | ४००० | ३५७० | ४३० | १२९०० |
| | | ब्याकोलोडर | १२ | २३२० | २००६ | ३१४ | ३७६८ |
| ५१५-२०८१।३।१८ | बरभञ्याङ देखी मान्दत्ता जोड्ने ग्रामिण सडक | स्काभेटर | ४६.५ | ४००० | ३५७० | ४३० | १९९९५ |
| ६५४-२०८१।३।२४ | | व्याकोलोडर | १५ | ३०४५ | २००६ | १०३९ | १५५८५ |
| **जम्मा** | | | | | | | ५२२४८ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५२,२४८ |

## ५२ फुसको छाना विस्तापन

यस वर्ष कार्यालयले फुसको छाना विस्थापन कार्यक्रम अन्तर्गत निम्न वडाहरुको कार्यक्रम अनुसार रु२५,५८,३८०।-को जस्तापाता खरिद गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्ः

५२.१ **खरिद**– सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८ बमोजिम खरिद योजना तयार गर्नुपर्ने र नियम ९(१) मा लागत अनुमान तयार गर्दा विचार गर्नुपर्ने विषयहरु उल्लेख छ । कार्यालयले योजना कार्यान्वयन गर्दा खरिद योजना वेगर र लागत अनुमान तयार गर्दा

विचार गर्नुपर्ने विषय विचारनै नगरी २४ र २६ गेजको २१३.२ बण्डल जस्तापाता सोझै खरिद गरी जिन्सी अभिलेख समेत नजनाई सोझै वितरण गरेको छ। प्राविधिकबाट लागत अनुमान तयार गरी एकमुष्ट रुपमा खरिद गर्नुपर्नेमा सो समेत नगरी टुक्रा टुक्रा गरी सोझै खरिद गरेकोले खरिद कार्य प्रतिस्पर्धात्मक देखिएन ।

| गो भौ नं र मिति | फर्मको नाम | जस्ताको परिमाण | वडा नं | रकम |
|---|---|---|---|---|
| १७१-२०८०।१०।२४ | उत्सव हार्डवेयर स्टोर | ३१.५ बण्डल | ७ | ४५०००० |
| ५७७-२०८१।३।२२ | दिप्सा हार्डवेयर एण्ड सप्लायर्स | ४३.७ बण्डल | २ | ५९६००० |
| ६११-२०८१।३।२४ | उत्सव हार्डवेयर स्टोर | २५ वण्डल | ७ | १९८३२० |
| १८३।२०८०।११।०४ | सिताराम बस्नेत | ८ बण्डल | पालिका | १००००० |
| ३४७।२०८१।१।२१ | उत्सव हार्डवेयर स्टोर | ३५ बण्डल | ५ | ५८००० |
| ३५८।२०८१।१।२५ | सनराईज ट्रेड एण्ड सप्लायर्स | ३८ बण्डल | ८ | ६९६१६० |
| ३६५।२०८१।१।३१ | दिप्सा हार्डवेयर एण्ड सप्लायर्स | ३२ बण्डल | ४ | ४५९९०० |
| **जम्मा** | | **२१३.२ बण्डल** | | **२५५८३८०** |

५२.२ **बितरण** – खरिद भएको जस्ता जिन्सी दाखिला नभई सोझै हस्तान्तरण देखाएको सम्बन्धमा कार्यालयसंग जानकारी माग गर्दा सम्बन्धित वडाका वडाध्यक्षहरुलाई एकमुष्ट हस्तान्तरण गरेको जानकारी प्राप्त भएको छ । मागमा आधारित हुने यस किसिमको वितरणमुखी कार्य गर्दा खरका छाना भएका विपन्न परिवारहरुवाट माग संकलन गरी यथार्थता जाँच गरेर परिमाण निर्धारण पश्चात मात्र खरिद गर्नुपर्नेमा सो वेगर खरिद गरेको, वितरणको कार्यविधि तयार नगरेको, वडाध्यक्षहरुलाई हस्तान्तरण गरेको जस्तापाता ककसलाई वितरण भएको हो सोको अनुगमन मूल्यांकन नभएको, जस्तापाता पाउने व्यक्तिले सो भन्दा पहिले प्राप्त गरे नगरेको र प्राप्त जस्ता जडान भए नभएको यकिन नगरेको, अन्य निकायले पनि विपन्न आवास कार्यक्रममा घर निर्माण गर्ने गरेको देखिंदा जस्तापाता प्राप्त गर्ने व्यक्तिले सो लाभ प्राप्त गरे नगरेको यकिन गर्न अन्तर निकाय विच समन्वय गर्नुपर्नेमा सो समेत नगरी रु.२५,५८,३८०। खर्च लेखेको छ । यस प्रकारको खरिद कार्यमा नियन्त्रण हुनुपर्दछ ।

५३ **कृष्ण प्रसाद भट्टराई फाउण्डेसन अनुदान**

नेपालको संविधानको अनुसूची ८ मा स्थानीय तहको अधिकार सुचीको बारेमा उल्लेख गरिएको छ।साथै स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित) मा गाउँपालिका वा नगरपालिकाले बार्षिक योजना तथा वजेट तर्जुमा गर्दा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने,उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने,स्थानीय सहभागिता जुट्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, महिला, बालवालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि हुने, दिगो विकास लक्ष्य प्राप्त गर्न सघाउ पुर्याउने खालका योजना तथा कार्यक्रम तर्जुमा गर्नु पर्ने उल्लेख भएको छ ।नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भन्दा बाहिर सन्त नेता कृष्ण प्रसाद भट्टराई फाउण्डेसन मोरङ विराटनगरले विराटनगर पालिकापालिका वडा नं ४ मा सुविधा सम्पन्न आधुनिक सामुदायिक भवन, सिटी हल, जेहेन्दार तथा गरिब करिब ५०० विद्यार्थीलाई कक्षा ११ र १२ को निशुल्क अध्यापनको लागि विद्यालय भवन र आश्रम निर्माण र फाउण्डेसनको कार्यालय भवन निर्माण समेतको रु १६,५३,०७,५४७.७३ को लागतमा निर्माण हुने भौतिक संरचनाको लागि फाउण्डेसनको च नं १८२ मिति २०८०।२।२९ को निकासा माग पत्रानुसार पालिकाको वार्षिक नीति तथा कार्यक्रममा रु २० लाख बजेट विनियोजन गरी सभाको निर्णय अनुसार भो नं ५ मिति २०८०।६।५ बाट पालिकाको पुँजीगत बवेटबाट अनुदान निकासा भुक्तानी गरेको पाइयो। निकासा गरेको उक्त अनुदान रकमको सही रुपमा सदुपयोग भए नभएको सम्बन्धमा

फाउण्डेसनबाट निर्मित कामको प्राविधिक मुल्याङ्कन प्रतिवेदन र फाउण्डेसनको लेखापरीक्षण प्रतिवेदन समेत लिई अनुदानको सदुपयोग सम्बन्धमा पालिकाबाट अनुगमन, निरीक्षण गरिनुपर्दछ।

५४ **खेल प्रशिक्षक**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ ।पालिकाले संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी खेलकुद प्रशिक्षक दरबन्दी सिर्जना गरेको र सो सभाबाट पारित गराएको तर अर्थ मन्त्रालयको स्वीकृति प्राप्त हुन बाँकी रहेको देखियो। पालिकाले खेलकुद प्रशिक्षक पदमा भनी मिलन कसजुलाई नियुक्त गरेको र मासिक रु३०,२००।– का दरले पारिश्रमिक दिने भनी १२ महिनाको र चाडपर्व खर्च सहित रु ३९२६००।– खर्च लेखेको । पालिकालाई कानुन विपरीत पद सिर्जना गरी खेल प्रशिक्षक नियुक्ति गरी खर्च लेखेकोले बढि व्ययभार परेको देखियो। पालिकाले संगठन तथा व्यवस्थापन सर्भेक्षण बमोजिमको दरबन्दी अर्थ मन्त्रालयबाट स्वीकृत गराएर मात्र खर्च लेख्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

५५ **प्रोत्साहन खर्च**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । पालिकाले सभाको निर्णयबाट रु ८४९२८५।– प्रोत्साहन खर्च लेखेको पाइयो। स्थानीय तहले न्युन आन्तरिक आय भएको अवस्थामा समेत कानून नबनाई आन्तरिक स्रोतबाट प्रोत्साहन खर्च गरेको उचित देखिएन। कानून बनाई मापदण्ड र सूचकका आधारमा मात्र प्रोत्साहन खर्च लेख्नु पर्दछ।

५६ **स्वास्थ्यतर्फ**

५६.१ **कार्यक्रम प्रगति -** कार्यालयबाट सञ्चालित विभिन्न तालिम कार्यक्रमहरुको प्रगति प्रतिवेदन तयार गरी लक्ष्य अनुसारको प्रगति हासिल गर्नु पर्दछ। कार्यालयले नेपाल सरकार सशर्त कार्यक्रम स्वास्थ्य तर्फ सञ्चालित अधिकांश तालिम कार्यक्रमको प्रगति प्रतिवेदन तयार गरेको छैन ।जसबाट भएको खर्च र कार्यक्रम विच तादात्म्यता भएको छ भनी आश्वस्त हुन सकिएन ।

५६.२ **तलवी प्रतिवेदन -** स्वास्थ्य सेवा ऐन, २०५३ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ३२ कर्मचारीको रु. २ करोड ३० लाख ६३ हजार खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

५७ **औषधी खरिद**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम (९) बमोजिम कुनै पनि सार्वजनिक निकायले खरिदको विकल्प खरिद कार्य सम्पन्न गर्नका लागि लाग्ने अधिकतम रकम र समय लगायतका विषयहरु संलग्न गरी खरिद कार्यको लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । कार्यालयले उत्पादकको आधिकारीक विक्रेताबाट पत्रिकामा प्रकाशित सुचना बमोजिम २६ प्रकारका औषधि विभिन्न मितिमा रु. 4,026,879। मा को सोझै खरिद गरेको छ। सार्वजनिक खरिद नियमावलीको नियम १० बमोजिम खरिदको लागत अनुमान तयार गरी प्रतिस्प्रर्धात्मक रुपमा खरिद गर्नुपर्दछ।

५८ **नदिजन्य पदार्थको प्रारम्भिक बाताबरणीय परीक्षण**

वातावरण संरक्षण ऐन २०७६ र वाताबरण संरक्षण नियमावली २०७७ को नियम ३ अनुसुची २ मा खानी क्षेत्र अन्तर्गत नदीनाला सतहबाट दैनिक १०० घनमिटर भन्दा बढी ३०० घनमिटर सम्म बालुवा ,गिट्टी , गिर्खा ,माटो निकाल्ने प्रस्तावको लागि प्रारम्भिक

बातावरणीय परीक्षण गर्नु पर्ने कानुनी प्रावधान रहेको छ । नगरपालिकाले प्राकृतिक श्रोतहरुको उपयोग गर्दा वातावरणमा पर्न सक्ने अनुकुल प्रभावलाई बढोत्तिकरण गर्ने तथा प्रतिकुल प्रभावहरुलाई निरोधात्मक तथा उपचारात्मक प्रभाव न्युनिकरण विधिहरु अपनाएर न्यूनिकरण गर्न वा हटाउन वा कार्यको वातावरणीय अनुगमन गर्नको लागि पालिकाले अर्थिक बर्ष २०७६।७७ मा विभिन्न ९ वटा स्थलको प्रारम्भिक वातावरणिय परीक्षण गरी बालुवा ,गिट्टी , ढुंगा निकाल्ने प्रस्ताबको लागि प्रारम्भिक वातावरणीय परीक्षण तयार गरी ६८२६२.८८ घनमिटर निकाल्न सकिने र रु. १३२२११५४।५९ राजस्व संकलन गर्न सकिने प्रतिवेदन पेश भएको भएता त्यस पश्चात पालिकाबाट हाल सम्म पनि बोलपत्र हुन नसकेको अबस्था देखियो । साथै पालिकाले प्रत्येक बर्ष प्रारम्भिक वातावरणिय परीक्षणको पुन परीक्षण गरी उत्खनन् गर्न सकिने नदिजन्य पदार्थको परिमाण अद्यावधिक गरिनु पर्नेमा सो गरेको पाईएन । नगरपालिकाबाट कानूनमा भएको व्यबस्थाको पालना हुनु पर्दछ ।

## ५९ प्राकृतिक श्रोत उत्खननबाट प्राप्त आय

नगरपालिकाको आर्थिक बर्ष २०८०।८१ को निति तथा कार्यक्रममा उत्खनन र सङ्कलन गर्न सकिने नदीजन्य पदार्थ ढुंगा ,गिटी र वालुवा को प्रति घन फीट रु.६।- दररेट राखि संकलन गर्न सकिने उल्लेख गरेको छ । पालिकाबाट यस बर्ष अमानतको माध्यमबाट वडा नं. ४ को बडहरे घोपाटारबेसी, वडा नं.६ को मंगलटार पहरेबेशी, वडा नं.८ को धितुङ भाटबेशी लगायतको क्षेत्रबाट बालुवा उत्खनन् र विक्रीबाट रु.७९९९००।– आम्दानी प्राप्त गरेकोमा उक्त घाटगद्दीबाट कति परिमाणमा बालुवा उत्खनन् भएको हो सो विवरण पेश हुन नआएकोले नदिजन्य पदार्थबाट यस बर्ष प्राप्त भएको आम्दानी एकिन हुन सकेन । पालिकाले आफ्नो क्षेत्रभित्र पर्ने घाटगद्दी लगायत अन्य स्थानबाट यो बर्ष ढुंगा गिटी बालुवा उत्खनन उपलब्ध हुने नदी, खोला, खोल्सी, खहरे तथा नदी उकासक्षेत्रको विवरण र उपलब्ध हुनसक्ने अनुमानित वार्षिक परिमाण, पूर्वाधार निर्माणको लागि चाहिने परिमाण र स्रोतको उपलब्धता, भण्डारण वा घाटगद्दी स्थल, बिक्री वितरणको प्रक्रिया, सङ्कलनको विधी र प्रयोग हुने मेशिनरी औजार, प्राप्त हुने अनुमानित आम्दानी लगायतका बिषयहरु समावेश गरी नदीजन्य पदार्थ उत्खनन, सङ्कलन घाटगद्दी र बिक्री वितरण सम्बन्धी कार्ययोजना बनाउनु पर्ने र आईईई तयार गरी वातावरणीय अध्ययन प्रतिवेदन अनुसारको परिमाणमा नदिजन्य पदार्थको उत्खनन,घाटगद्दि र निकासी गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

## ६० नदीजन्य पदार्थको दर निर्धारण

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४(च) मा ढुङ्गा, गिट्टी, स्लेट, बालुवा, चुनढुङ्गा, अभ्रख र दहत्तर वहत्तरमा प्राकृतिक श्रोत करको दर र प्रक्रिया प्रदेशले निर्धारण गर्ने र गाउपालिका वा नगरपालिकाले संकलन गर्ने व्यवस्था विद्यमान थियो तर नेपाल सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन, २०७५ को ३४(३) ले उक्त दफा ६४ लाई खारेज गरेको छ। केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन, २०७५ दफा ६२(क) ले प्राकृतिक वस्तुको विक्री वितरण गाउँपालिका तथा नगरपालिकाले गर्न सक्ने र यसरी प्राप्त रकम गाउँपालिका तथा नगरपालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेको छ। यसरी कानूनी व्यवस्था भएको दर तोक्ने अधिकारलाई क्रमशः कानूनबाट खारेज गरी ढुङ्गा गिट्टी बालुवा उत्खनन् तथा विक्री व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को प्रकरण ४(घ) मा गाउँसभा वा नगरसभाबाट स्वीकृत दरमा उत्खनन् र संकलनको अनुमति दिने र विक्रीको लागि ठेक्का व्यस्था मिलाउने काम गाउँपालिका वा नगरपालिकाको दायराभित्र राखेको देखिन्छ। यसरी सभाबाट दर तय गर्ने व्यवस्था भए बमोजिम यस पालिकाले आर्थिक बर्ष २०७६।७७ मा मंगलटार पहरेबेसि, बडहरे घोपाटारबेसि, धितुङ भाटबेसी,राजापानी रेम्मीटार लगायतका नदीघाट क्षेत्रमा नदीजन्य पदार्थको राजस्व प्रति घन फिट ६ निर्धारण गरेको दररेटलाई नै यस आर्थिक बर्षमा पनि कायम गरेको पाइयो । पालिकाले समय सापेक्ष रुपमा नदीजन्य पदार्थको दर पुनराबलोकन नगरी पुरानो दरररेटलाई नै कायम गरेको पाईयो । पालिकाको आन्तरिक आय बृद्दि गर्नको लागि पुरानो दररेटमा समय सापेक्ष रुपमा पुनराबलोकन हुनु पर्दछ ।

## ६१ आन्तरिक आयतर्फ

६१.१ **राजश्व दाखिला :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २७ र नियमावली २०७७ को नियम ५८(४) बमोजिम बुझिएको राजश्वको दाखिला र लेखा दैनिक राख्नु पर्दछ ।पालिका अन्तर्गत ११ वटा वडाले प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन ।नियमानुसार तोकिएको समयभित्रै प्राप्त गरेको आन्तरिक राजश्व रकम बैक दाखिला गर्न पालिकाअन्तर्गत रहेको सबै वडा कार्यालयहरुले विशेष ध्यान दिनुपर्दछ ।

६१.२ **राजश्व अभिलेखः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २७(५) मा राजस्वको लगत तथा लेखा राखे, हिसाब भिडान गर्ने, वित्तीय विवरणतयार गर्ने, लेखापरीक्षण गराउने उत्तरदायित्व कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ ।कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । कार्यालयले छपाई गरेका नगदी रसिदहरु रसिद नियन्त्रण खातामा अभिलेख राखी सोही आधारमा आम्दानी र खर्चको विवरण राखी रसिद ठेलीहरु प्रयोग गर्नुपर्नेमा सोको अभिलेख पालिकामा राखेको पाईएन ।पालिकाबाट वडाहरुमा पठाईएका नगदी रसिदहरु कति प्रयोग भयो र कति बाकि छ सोको विवरण पेश हुन नआएकोले संकलन भएको राजश्व एकिन गर्न सकिएन। अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पु¥याउनुपर्ने देखियो ।

६२ **उच्च शिक्षा छात्रवृत्ति कार्यक्रम**

नेपालको संविधान, २०७२ को धारा ५७ मा राज्यशक्तिको बाँडफाँड बारे व्यवस्था गरेको छ। सोही धाराको उपधारा ४ मा स्थानीय तहको अधिकार अनुसूची-८ मा उल्लिखित विषयमा निहित रहनेछ र त्यस्तो अधिकारको प्रयोग यो संविधान र गाउँ सभा वा नगर सभाले बनाएको कानून बमोजिम हुने उल्लेख छ।त्यसै गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा गाउँपालिका तथा नगरपालिकाको कर्तव्य सम्बन्धी व्यवस्था छ। सोही दफाको उपदफा २ (ज) मा गाउँपालिकाको क्षेत्राधिकार आधारभूत र माध्यामिक शिक्षामा मात्र रहने स्पष्ट उल्लेख छ। तर पालिकाले सभाबाट निर्णय गरी प्राविधिक धारको उच्च शिक्षामा अध्ययनरत दलित तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्ने प्रयोजनार्थ हलेसी तुवाचुङ नगरपालिकाको छात्रवृत्ति वितरण कार्यविधि, २०८० तयार गरेको छ।त्यसै कानङ्नलाई आधार बनाई सिफारिस समितिको मिति २०८०।११।६ को निर्णयानुसार गो भौ नं ५२६ मिति २०८१।१।१८ मा उच्च शिक्षामा अध्ययनरत २ विद्यार्थी हेमन्त राई र विकेश सिलवाललाई रु १०००००।– प्रति व्यक्तिका दरले रु २०००००।- छात्रवृत्ति भुक्तानी गरेको छ। कानुनले तोकेको क्षेत्राधिकार बाहिर गई खर्च लेखेको उचित देखिएन।यसमा सुधार हुनुपर्दछ।

६३ **व्यवसायिक भैंसीपालन प्रबर्द्धन**

प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८० को बुँदा ५ (ग) मा निजी एवं व्यावसायिक प्रयोजनका कृषि पूर्वाधारहरू (निजी कृषि पूर्वाधार) निर्माण गर्दा अधिकतम ५०% सम्म लागत सहभागिता हुने उल्लेख छ।साथै प्रदेश कृषि व्यवसाय प्रबर्द्धन अनुदान नियमावली, २०७८ को नियम ६ को उपनियम (क) मा अनुदानग्राहीले अनुदानका लागि निवेदन पेश गर्दा निवेदन साथ स्थायी लेखा नम्बर, अनुदानग्राहीले गर्न खोजेको कामको स्पष्ट विवरण, अपेक्षित प्रतिफल तथा लागत सहभागिता खुलेको अनुसूची- २ अनुसारको सम्झौता गर्नुपर्ने व्यवस्था छ।तर पालिकाले गो भौ ३-२०८०।१२।८ बाट यस कार्यक्रम अन्तर्गत वडा नं ७ मा रहेको हलेसी डेरी उद्योगलाई डेरी सञ्चालनार्थ पूर्वाधार सम्बन्धी सामाग्री अनुदान प्रदान गर्दा लागत इष्टिमेट र स्पेशिफिकेसन तयार नगरी र लागत सहभागिता समेत नजनाई जि के ट्रेडर्स प्रा लि को बिजकबाट रु ९८७७०६।– भुक्तानी गरेको पाइयो।कार्यविधिको प्रावधान अनुरुप लागत सहभागिता बेगर अनुदान वितरण गरेको उचित देखिएन।कार्यविधि अनुरुप कार्य गर्नेतर्फ कार्यालयले ध्यान दिनु पर्दछ।

६४ **पशुपन्छि खोप सेवा कार्यक्रम**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५१(१) अनुसार जिम्मेवार व्यक्तिले यस ऐन बमोजिम राख्नुपर्ने प्रत्येक कारोबारको विवरण स्पष्ट देखिने गरी प्रचलित कानूनले तोके बमोजिमको रीत पुर्याई लेखा तयार गरी अद्यावधिक राख्नुपर्ने र नियमावली २०७७ को ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम पशुपन्छि खोप कार्यक्रमका लागि गो भौ नं १९ मिति २०८१।३।२२ बाट पि पि आर खोप र खोरेते खोप सेवा प्रदान गरे बापत ७ जना प्राविधिकलाई ९१०० खोप लगाएको भनी नियमानुसार रु ४५०००।- खर्च लेखेको देखियो । तर पालिकाले गो भौ नं १२-२०८१।१।२६ बाट १०० पिस सिरिन्ज मात्र खरिद गरेको देखियो। पालिकाले अन्य कार्यालयबाट सिरिन्ज प्राप्त गरेको वा गत आ व को मौज्दातबाट सेवा प्रदान गरेको खुलेको विवरण संलग्न गरेको छैन।यसरी कम मात्रामा

सिरिन्ज खरिद गरी धेरै संख्यामा सेवा प्रदान गरेको विवरण यथार्थपरक मान्न सकिएन। यथार्थपरक चित्रण हुने गरी अभिलेख अध्यावधिक गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

६५ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन/बेरोजगारको सूचिमा समावेशलाई प्रथमिकिकरण गरेको छैन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा १० योजनाहरुमा यस वर्ष ९५ जनालाई रोजगारी उपलव्ध गराई रु. ४५,१३,९९६।- खर्च गरेको छ ।लक्षितवर्गलाई १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन ।

६६ **ICT ल्याव सामाग्री खरिद**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च.नं. ३१५ मिति २०७९।९।२९ को पत्रानुसार स्थानिय तहलाई पठाएको ICT Lab/LMS software को स्पेसिफिकेशन भन्दा न्यूनतम नहुने गरी खरिद गर्नु पर्ने उल्लेख गरेको छ । नगरपालिकाले ICT ल्याब सामाग्री खरिद अन्तर्गत कलर प्रिन्टर ६थान र ईन्टरएक्टिब बोर्ड ८ थान खरिदको लागि रु. ३३५१८०६।- को लागत अनुमान तयार गरी बोलपत्रको माध्यमद्वारा सबै भन्दा घटी कबोल गर्ने देवान्स ट्रेड लिंक प्रा.लि. ओखलढुंगासंग मिति २०८१।२।२० मा सम्झौता गरी रु.२४८६०००।- को सामाग्री आपूर्ति गरेको छ । यस सम्बन्धि अन्य व्यहोरा निम्न छन ।

**स्पेसिफीकेशन फरक :** शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुरको च.नं. ३१५ मिति २०७९।९।२९ को पत्रानुसार स्थानिय तहलाई पठाएको ICT Lab/LMS software को स्पेसिफिकेशन भन्दा न्यूनतम नहुने गरी खरिद गर्नु पर्ने उल्लेख गरेको छ ।पालिकाले बनाएको स्पेसिफिकेशन अनुसार शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुरले बनाएको स्पेसिफिकेशन भन्दा अलग स्पेसिफिकेशन तयार गरी कलर प्रिन्टर ६थान र ईन्टरएक्टिब बोर्ड ८ थान खरिद गरि रु.२४८६०००।- भुक्तानी गरेको छ ।साथै पालिकामा सामाग्री प्राप्त भएपछि स्पेसिपिकेशन अनुसार भए नभएको सम्बन्धमा परिक्षण गरेर मात्र सामान आम्दानी जनाउनु पर्नेमा बोलपत्र मूल्यांकन समितिले एक मुष्ट रुपमा खरिद गरिएका समाग्रि स्पेसिफिकेशन बमोजिम रहेको भनि भुक्तानीको लागि सिफारिस गरेको पाई यो । सामाग्री परिक्षण गर्दा स्पेसिफिकेशनमा उल्लेखित हरेक आईटम ठिक भए नभएको उल्लेख गरीनु पर्नेमा सो खुलाएको नपाईएकोले खरिद गरिएका सामाग्री स्पेसिफिकेशन अनुसारको भए नभएको एकिन गर्न सकिएन । यस सम्बन्धमा पालिकासंग छलफल हुंदा स्पेसिफिकेशनमा केही संशोधन गरी आबस्यकताको आधारमा खरिद गरिएको भनाई रहेको पाईयो । शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तोकेको मापदण्ड अनुसार ICT Lab सामाग्री खरिद गर्नेतर्फ नगरपालिकाको ध्यान जानु पर्दछ ।

६७ **शिक्षा**

६७.१ कार्यालयले विद्यालयमा निकासा हुने रकमको स्पष्ट विवरण खुल्ने गरी विद्यालयगत निकासा रजिष्ट्रर राख्नुपर्नेमा राखेको छैन। विद्यालयहरुको लागि वास्तविक रुपमा निकासा हुनुपर्ने रकम र भुक्तानीको यथार्थ विवरण खुल्ने गरी विवरण अद्यावधिक गर्नुपर्दघ।

६७.२ स्थानीय तहले निजी विद्यालयहरुको अनुगमन गरी निर्देशिकाले तोके अनुसार अध्ययन शुल्क निर्धारण गर्नुपर्नेमा अनुगमन गरी सो अनुसारको कार्य गरेको छैन।

६७.३ **शिक्षक दरवन्दी** – शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ को बुदाँ नं.३ क बमोजिम शिक्षा नियमावली, २०५९ अनुसार कायम भएको शिक्षक विद्यार्थी अनुपात र नियमावलीको अनुसुची-१२ बमोजिम विद्यालयमा रहनुपर्ने दरबन्दी तथा शिक्षक विद्यार्थी अनुपातको आधारमा स्थानीय तहमा शिक्षकको मौजुदा अवस्था र आवश्यकताको पहिचान गरी शिक्षक दरबन्दी मिलान गर्ने र

कार्यविधीको बुदाँ नं. १२ अनुसार मन्त्रालय तथा प्रदेशले गरेको दरबन्दी मिलानमा स्थानीय तहले सहजिकरण गर्ने उल्लेख छ । पालिकाले आफु मातहत रहेका मौजुदा विद्यालयहरुमा आवश्यक दरबन्दी पुनरावलोकन सम्बन्धमा कुनै पहल गरेको छैन। पालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा तोकिएको मापदण्ड अनुरुप शिक्षक पदपुर्ति गराई नियमित पठन पाठन गराउनुपर्दछ।

६७.४ शिक्षक अनुदान – शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०/८१, केन्द्रको च.नं. १८९ मिति २०७६।११।१२ को पत्र र शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार शिक्षक दरबन्दी अद्यावधिक गरी विद्यालयहरुमा कार्यरत दरबन्दी भित्रका तथा राहत र प्राविधिक धार तर्फ कार्यरत शिक्षक तथा प्रशिक्षकहरुलाइ विद्यालयहरुबाट प्राप्त माग फाराम रुजु गरी पारिश्रमिक भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिका भित्र दरबन्दी, अस्थायी दरबन्दी र राहत दरबन्दीमा कार्यरत ९० विद्यालयका शिक्षकहरुलाई केन्द्रिय सःशर्त अनुदान शीर्षकबाट शिक्षक तलब भत्तामा रु. १९,०२,५०,८९२।- खर्च लेखेकोमा पालिका भित्रका १४ विद्यालयहरुमा पालिका श्रोतबाटनै व्यहोर्ने गरी १५ शिक्षकहरुको रु. २९,९९,७३१।- पारिश्रमिक खर्च लेखेको छ । विद्यालयहरुमा शिक्षकको माग र आवश्यकताको पहिचान, शिक्षक विद्यार्थी अनुपात र शिक्षक दरबन्दी मिलान लगायतका विषयहरुलाई विचारनै नगरी पालिकाबाट निजी श्रोतका शिक्षकहरुलाई पारिश्रमिक खर्च लेखेको उचित देखिएन। शिक्षक विद्यार्थी अनुपातको आधारमा आवश्यक पर्ने भए मात्र प्रतिस्पर्धात्मक तवरले शिक्षक छनौट गरी शैक्षिक गुणस्तर अभिबृद्धि हुने आश्वस्तता गरेर मात्र शिक्षक नियुक्ति गर्नुपर्दछ।

६७.५ **अक्षय कोष स्थापना-**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **१००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६७.६ शिक्षक विद्यार्थि अनुपात – शिक्षा नियमावली, २०५९ को नियम १४५ सँग सम्बन्धित अनुसूची-२१(४) को बुदाँ नम्बर २ बमोजिम पहाडमा १ शिक्षक बराबर ४० विद्यार्थी रहने गरी शिक्षक विद्यार्थिको अनुपात निर्धारण गरेको छ। नियमावलीको अनुसुची ३(ठ) अनुसार पुर्व प्राथमिक विद्यालयका लागि २ जना, प्राथमिक १-५ विद्यालयमा ५० जनासम्म विद्यार्थी भएमा कम्तिमा दुई जना र सोभन्दा बढी विद्यार्थी भएमा कम्तिमा तीन जना, निम्न माध्यमिक विद्यालयमा चार जना र माध्यमिक विद्यालयको लागि पाँच शिक्षक रहने व्यवस्था रहेको छ। पालिकाले नियमावलीमा व्यवस्था भए बमोजिम शिक्षक विद्यार्थी अनुपातको आधारमा विद्यालय गाभ्ने तथा दरबन्दी पुनरावलोकन गरी विद्यालयहरुमा नियमित पठनपाठनको व्यवस्था मिलाउनुपर्दछ। पालिका अन्तर्गत विभिन्न तहका ९० सामुदायिक विद्यालयहरुको शिक्षक विद्यार्थि अनुपात निम्नानुसार रहेको देखिन्छ।

**(विस्तृत विवरण बेरूजु दफा ६७.६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६८ **सामाजिक सुरक्षातर्फ**

सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन-२०७५, सामाजिक सुरक्षा नियमावली २०७६, विद्युतिय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति-२०७४, सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ को प्रावधान बमोजिम गर्नु पर्ने व्यवस्था छ । नगरपालिकालाई सामाजिक सुरक्षा कार्यक्रमको लागि यो वर्ष नेपाल सरकारबाट रु.१२,३३,६१,८३४/- रकम प्राप्त भएकोमा सोही रकम खर्च देखाई आर्थिक विवरण पेश भएको छ । यस सम्बन्धमा देखिएको व्यहोराहरु निम्नानुसार छन् ।

६८.१ **लाभग्राहीको अभिलेखः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं १० मा सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको फोटो सहितको मूल अभिलेख नियमावलीको अनुसूची –३ बमोजिम लक्षित समूह अनुसार छुट्टाछुट्टै अद्याबधिक गरी स्थानीय तह र प्रत्येक वडा कार्यालयम राख्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले सामाजिक सूरक्षा भत्ता बैंङ्कमार्फत बितरण गरेतापनि कार्यबिधिले उल्लेख गरेअनुसारको लाभग्राहीको फोटो सहितको मूल अभिलेख राखेको देखिएन । पालिकाले मूल अभिलेख अद्याबधिक

गरेर मात्र भुक्तानी गर्नु पर्दछ ।

६८.२ **निष्कृय खाताको विवरणः** सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा २३(५) मा सामाजिक सुरक्षा भत्ता वितरण गर्न खाता संचालन गर्ने बैँक तथा वित्तीय संस्थाले यस प्रकारका खाताहरु मध्ये निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिनाभित्र सम्बन्धित स्थानीय तहका साथै सामाजिक सुरक्षा तथा पञ्जिकरण विभागलाई दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले तीनवटा बैँकमार्फत लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता वितरणको लागि यस आ व मा रु.१२,३३,६१,८३४/- निकासा दिएकोमा निकासा बराबर नै खर्च लेखेको पाईयो । पालिकाले गत आ.व. मा निष्कृय रहेको विवरण सम्बन्धित बैँक तथा वित्तीय संस्थाहरुबाट प्राप्त गरेको छैन । कार्यविधि वमोजिम सामाजिक सुरक्षा भत्ता वितरण गर्ने बैँकहरुले निष्कृय खाताको विवरण तोकिएको समयाविधिमा तयार गरी पालिकालाई उपलब्ध गराउने र कार्यालयले पनि समयमा नै विवरण प्राप्त गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

६८.३ **कार्यबिधिको पालनाः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ तथा विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति, २०७४ को बुँदा नं ६.४.१ अनुसार प्रत्येक वडामा एक मात्र वैंक तथा वित्तिय संस्था मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने गरी स्थानीय तहले वैंक तथा वित्तिय संस्था छनौट गरी सम्झौता गर्नु व्यवस्था छ । यस पालिकाले माछापुछ्रे बिकास बैंक लि.संग वडा नं १,२,३,४,५,८,१० र ११, प्रभु बैक लि० संग वडा नं ७ र साल्पा बिकास बैंक लि० संग वडा नं ६,९ को लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता बापतको रकम भुक्तानी हुने गरी सम्झौता भएको देखियो । अत कार्यबिधिमा उल्लेख भएअनुसारको व्यवस्थाको पालना गर्नु पर्ने देखिन्छ ।

६८.४ **सार्वजनिक सुनुवाई :** पालिकाको वडा समितिले प्रत्येक चौमासिकमा कम्तिमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र सार्वजनिक सुनुवाईबाट प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफुले सम्बोधन गर्न नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। पालिकाको कुनै पनि वडा समितिले यस सम्बन्धमा नागरिक सुनुवाईको कार्यक्रम सञ्चालन गरेको पाइएन।पालिकाले यस तर्फ ध्यान दिई वास्तविक लाभग्राहीको अभिलेख अध्यावधिक गर्नुपर्दछ ।

६९ **१५ शैया अस्पताल निर्माण**

नगरपालिकाले वडा नं. ७ हलेसीमा २४९४.४७ बर्गमिटर क्षेत्रफल रहेको १५ शैयाको अस्पताल निर्माणको लागि लागत अनुमान रु. १९५२९९६५१।५० तयार गरी सबै भन्दा घटी कबोल गर्ने निर्माण व्यबसायी नमुना हिमालयन जेभि विराटनगरसँग मिति २०८०।४।७ भित्र निर्माण कार्य सक्ने गरी २०७८।४।७ मा रु.१३७८९५५००।५१ को सम्झौता गरेकोमा तोकिएको समयावधिमा निर्माण कार्य सम्पन्न हुन नसकि नगर कार्यपालिकाको निर्णयले प्रथम पटक मिति २०८१।४।७ सम्म म्याद थप गरेकोमा उक्त अवधिमा समेत निर्माण कार्य सम्पन्न हुन सकेको छैन ।हालसम्म उक्त निर्माण व्याबसायिलाई रु.४११२८५८९।३२ भुक्तानी भएको छ ।यस सम्बन्धि अन्य व्यहोरा निम्न छन् ।

६९.१ **डि. पि. आर स्विकृती** : स्वास्थ्य भवन पूर्वाधार डिजाईन तथा निर्माण सम्बन्धि निर्देशिका, २०७३ अनुसार अस्पताल निर्माणको लागि कार्यान्वियन गर्ने निकायबाट तयार भएको डिपिआर स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट परिमार्जन गराई मन्त्रालयले डिपिआरमा औंल्याएको व्यहोरा सुधार गरी निर्माण कार्य गर्नु पर्ने व्यबस्था रहेको छ । नगरपालिकाले १५ शैयाको अस्पताल भवन निर्माणको लागि तयार गरेको डिपिआर परिमार्जनको लागि २०७८।८।२३ मा मन्त्रालयमा पठाएकोमा लेखापरीक्षण अवधि सम्म पनि डिजाईन परिमार्जन भएर आएको पाईएन । यसरी लामो समय सम्म डिजाईन परिमार्जन नगरी निर्माण कार्य गराउँदा मन्त्रालयको स्विकृत नर्म्स अनुसार केहि परिबर्तन गर्नु परेमा समेत परिबर्तन गर्न नमिल्ने देखिन्छ । यस सम्बन्धमा गत आर्थिक बर्षमा बेरुजु औंल्याएकोमा स्थिती यथावत रहेको छ ।डिपिआर परिमार्जन गराएर मात्र निर्माण कार्य अगाडी बढाउन नगरपालिकाको ध्यान जानु पर्दछ ।

६९.२ **म्याद थपः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०.क मा सम्झौता बमोजिम निर्माण कार्य नसकिएमा निर्माण व्यवसायीले म्याद समाप्त हुनुभन्दा २१ दिन अघि सहित कारण सहित म्याद थपको लागि निबेदन दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले उक्त निर्माण व्यवसायीसँग २०८१।४।७ भित्र निर्माण कार्य सम्पन्न हुने गरी निर्माण सम्झौताको म्याद थप गरेकोमा तोकिएको समयावधिभित्र बजेट विनियोजन नभएकोले उक्त निर्माण कार्य सम्पन्न नभएको र निर्माण व्यवसायीले पालिकामा म्याद थपको निबेदन समेत पेश नगरेकोले म्याद थप सम्बन्धमा पालिकाबाट कुनै प्रकृया अगाडी बढेको पाईएन । कानूनमा भएको व्यबस्थाको पालना हुनु पर्दछ ।

६९.३ **पेश्की जोखिममा रहेको** -

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२४** को निर्णयले रू **१७,०२३,७१६.७३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६९.४ **निर्माण कार्य अनिश्चित रहेको** -सार्वजनिक खरिद ऐन,२०६३ को नियम ५२ मा खरिद सम्झौता र सो का शर्तहरु उल्लेख गरिएको छ । साथै सार्वजनिक खरिद नियमावली,२०६४ मा स्विकृत ड्रईङ डिजाईन र नक्शा अनुसार भौतिक संरचना निर्माण गर्नु पर्ने व्यबस्था रहेको छ । पालिकाले उक्त अस्पताल निर्माणको लागि प्रथम पटक म्याद थप समेत मिति २०८१।४।७ भित्र निर्माण कार्य सक्ने गरी मिति २०७८।४।७ मा रु= १३७८९५५००।५१ को निर्माण सम्झौता भए पनि गत आर्थिक बर्ष सम्म रु ४११२८५८९।३२ को एक्जाभेसन, रिटेनिङ वाल तथा फाउण्डेशनको मात्र निर्माण कार्य सम्पन्न गरेको छ । नगरपालिकाले अस्पताल भवन निर्माणको लागि तयार गरेको डिपिआर रिभ्यूको लागि २०७८।८।२३ मा मन्त्रालयमा पठाएकोमा लेखापरीक्षण अवधि सम्म पनि डिजाईन रिभ्यू भएर आएको पाईएन । साथै आर्थिक बर्ष २०८०।८१ मा भवन निर्माणको लागि बजेट समेत विनियोजन नभएको, निर्माण कार्यको समयावधि समाप्त भई म्याद थप समेत नभएको र चालु आ=ब=मा समेत बजेट विनियोजन नहुदा निर्माण कार्य अनिश्चित रहेको पाईयो ।लामो समय सम्म निर्माण कार्य नहुँदा निर्माण गरेको संरचना भत्किने नासिने तथा गुणस्तरमा ह्रास आउने मात्र नभई निर्माण लागत समेत बढ्न जाने हुन्छ ।उक्त अस्पताल निर्माणमा सम्बन्धित सरोकारवाला निकाय एउटा निष्कर्षमा पुग्नु पर्ने अबस्था देखिएकोले पालिका लगायत सम्बन्धित निकायको ध्यान जानु पर्ने देखिन्छ ।

७० **बिमा**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ ।पालिकाले तपशिल वमोजिमका ठेक्काहरुमा वीमा नै नगराइ निर्माण कार्य गराएको, कम अवधिको विमा गराएको, विमांक रकम कम गराएको तथा तोकिएको समयमा नै निर्माण कार्य सम्पन्न गर्न नसेकेको कारण म्याद थप गरी निर्माण कार्य भइरहेको एवं कतिपय ठेक्काको निर्माण कार्य सम्पन्न भइ त्रुटी सच्याउने अवधि रहेकोले उक्त लगानी जोखिममा परेको देखिन्छ । यसरी वीमा नगराइ एवं कम अविधको विमा गराइ नियमावलीले गरेको व्यवस्था विपरीत खरिद सम्झौता गर्ने पदाधिकारीलाइ जिम्मेवार वनाइ नियमावलीमा भएको व्यबस्था बमोजिम सम्झौतामा उल्लेखित अवधि सम्मको वीमा गरेर मात्र निर्माण कार्य गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| ठेक्का नं | निर्माण व्यवसायी | सम्झौता रकम | विमांक रकम | कैफियत |
|---|---|---|---|---|
| च्यास्मिटार विद्यालय भवन निर्माण (ठेक्का नं-०५।०८०।८१) | ब्रोदर युनाईटेड कन्ष्ट्रक्शन प्रा=लि= | ५९०२५५९२।८८ | ६७८७९८१।८१ | विमाको थप नगराएको |
| स्वास्थ्य चौकी निर्माण धितुङ (ठेक्का नं-१५।०८०।८१) | जे=वि=टि=एम विल्डर्स प्रा=लि= | ५२६५९७१।४२ | ५२६५९७१।० | घटी अवधिको विमा गराएको |
| १० नं. वडा कार्यालय भवन निर्माण (ठेक्का नं-०९।०८०।८१) | आचार्य सन्स विल्डर्स।साप्सु दोभान जे=भी= | ८३३६४०९।१६ | ९५८६८७०।५३ | घटी अवधिको विमा गराएको |

## ७१ नन्फाइलर

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले देहायका निर्माण व्यावसायीलाई विभिन्न निर्माण कार्य गरे वापत विभिन्न रनिङ विलबाट मुल्य अभिवृद्धि कर वापत रु- ५८६०९४.२९ भुक्तानी गरेकोमा लेखापरीक्षण अवधि सम्म पनि उक्त फर्मलेहरुले मुल्य अभिवृद्धि कर विवरण नबुझाएको र नुम्बुर।अंशुवी।अंशुमन जेभीले आर्थिक वर्ष २०७७।७८ देखि हालसम्म कर चुक्ता प्रमाणपत्र नलिई नन्फाईलर रहेको देखिएकोले उक्त फर्मलाई भुक्तानी भएको मुल्य अभिबृद्धि कर रु. ४१०२६६ (७० प्रतिशत) सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट मुल्य अभिबृद्वी कर समायोजन गरेको प्रमाण पेश हुनु पर्ने अन्यथा अशुल हुनु पर्ने रु

| बजेट शिर्षक | भौ.नं।मिति | फर्मको नाम | नन्फाईलर मिति | मु.अ.कर भुक्तानी | ७० प्रतिशत मु.अ.कर | कैफियत |
|---|---|---|---|---|---|---|
| संघिय सरकार | ६२।०८१।३।९ | नुम्बुर।अंशुवी।अंशुमन जेभी | ०७७।७८ देखि कर चुक्ता प्रमाण नलिएको | ३८८६२४.२९ | २७२०३७ | ००१।०८१।२।२३ |
| ,, | ९१।०८१।३।२३ | ,, | ,, | १९७४७० | १३८२२९ | ०२।०८१।३।१५ |
| | जम्मा | | | | ४१०२६६ | |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्याैट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रु **१४९,९२३.८६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्याैट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२३** को निर्णयले रु **१५३,७०२.१८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,१०,२६६ |

## ७२ अधुरो निर्माण कार्य

सार्वजनिक खरिद नियमावली, २०६४ मा सम्झौता बमोजिमको तोकिएको मितिमा निर्माण कार्य सम्पन्न गर्नु पर्ने व्यबस्था रहेको छ । कार्यालयले दिएको विवरण अनुसार निम्न निर्माण कार्य वापत रु.१८,५०,००,८७५।- को सम्झौता गरेकोमा तोकिएको मितिमा सम्पन्न नगरी लेखापरीक्षण अवधि सम्म पनि अधुरो रहेकोले रु. ११,६३,८३,२८३।- मुल्य बराबरको बाँकी निर्माण कार्य समयमा सम्पन्न गर्ने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

| निर्माण कार्य | निर्माण व्यवसायी | सम्झैता रकम | भुक्तानी रकम | निर्माण हुन बाँकी रकम | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति |
|---|---|---|---|---|---|---|
| च्यासमिटर विद्यालय भवन निर्माण | ब्रोदर युनाईटेड कन्सट्रक्सन प्राईभेट लिमिटेड | ६६६९९३० | ६१०८२९४।९८ | ५६१६३६ | २०८०।०९।५ | २०८१।३।२० |
| ६ नं. वडा कार्यालयको भवन निर्मण मंगलटार | एलिका कन्सट्रक्सन सिराह | ८७६०७२१ | ७४३९६८७।३५ | १३२१०३३।६५ | २०८०।११।२० | २०८१।०२।३२ |
| वडा नं १० अखौंले कार्यालयको भवन निर्मण | आचार्य सन्स बिल्डर्स।साप्सु दोभान जेभि खोटाङ | ८३३६४०९ | २८९२४५९।१६ | ५४४३९४९।८४ | २०८०।११।२० | २०८१।०२।३२ |
| वडा नं ०४ कार्यालयको भवन निर्मण | नानुमा कन्सट्रक्सन एण्ड सप्लायर्श प्रा. लि. काठमान्डौ | ७९१०२३२ | ३७४५९८६।१४ | ४१६४२४५।८६ | २०८०।१२१३ | २०८०।०३।१० |
| दुर्छिम मंगलटार पहरेवेशी रोडको स्तोन्नती | नानुमा कन्सट्रक्सन एण्ड सप्लायर्श प्रा. लि.काठमान्डौ | २४२६१५९ | १९२७७५२।६६ | ४९८४०६।३४ | २०८०।१२।०८ | २०८१।०३।१० |
| सल्लेममा स्वास्थ्य सेवा केन्द्र निर्माण | आचार्य सन्स बुल्डिङ एण्ड ईन्जिनियरिङ भ प्राईभेट लिमिटेड खोटाङ | ५०१०३४८ | २७२७१४२।६० | २२८३२०५।४ | २०८१।०१।२५ | २०८१।०३।२० |
| धितुङ स्वास्थ्य सेवा केन्द्र निर्माण | जे बि टि एम बिल्डर्स प्रा.लि.काठमान्डौ | ५२६५९७१ | २६४७६८०।१९ | २,६१८,२९०।८१ | २०८२।०२।०७ | २०८१।०३।१६ |
| १५ सैयाको प्राथमिक अस्पताल निर्माण | नमुना हिमालयन जे भि मोरङ | १३७८९५५०० | ४११२८५८९ | ९६७६६९११ | २०८०।०४।०८ | २०८०।०४।७ |
| खोक्सेली घोपाटार सडक स्तरोन्नती | सुदेवी कन्सट्रक्सन एण्ड सप्लायर्श प्राईभेट लिमिटेड | २७२५६०५ | | २७२५६०५ | २०८०।१२।३० | २०८०।१०।०३ |
| | **जम्मा** | **१८५०००६७५** | **६८६१७५९२** | **११६३८३०८३** | | |

७३ **समपुरक अनुदान**

७३.१ अन्तर सरकारी वित्त व्यबस्थापन ऐन, २०७४ को दफा १० मा योजनाको कुल लागतको अनुपातको आधारमा खर्च गर्नु पर्ने व्यबस्था रहेको छ ।साथै समपुरक अनुदान सम्बन्धि कार्यविधि,२०७७ को नियम ४ मा स्थानिय तहले समपुरक अनुदानमा कार्यान्वियन हुने आयोजनाको लागि प्रत्येक बर्ष बजेट माग गर्नु पर्ने व्यबस्था रहेको छ ।नगरपालिकाले वडा नं. ४ को कार्यालय भवन निर्माणको लागि रु.१३८४३१९९।२० को लागत अनुमान तयार गरी संघिय सरकारको समपुरक अनुदानमा निर्माण सम्पन्न हुने गरी बोलपत्रको माध्यमद्वारा सबै भन्दा घटी कबोल गर्ने निर्माण व्यबसायी नानुमा कन्ष्ट्रक्शन एण्ड सप्लायर्स प्रा.लि. काठमाडौसंग २०८१।७।२९ [ म्याद थप समेत ] भित्र निर्माण कार्य सक्ने गरी मिति २०८०।१२।१३ मा रु. ७९१०२३२।४३ को सम्झौता गरेकोमा यस आर्थिक बर्ष सम्म रु. ३७४५९८५।– भुक्तानी खर्च लेखेको छ । भुक्तानी भएको खर्च मध्ये संघीय र पालिकाबाट रु.१८७२९९२।५० का दरले बराबर अनुपातमा खर्च लेख्नु पर्नेमा संघीय सरकारबाट रु. २७०३९२२। खर्च लेखेकोले पालिकाबाट रु.८३०९३०।- घटी खर्च लेखेको छ । रु. ४१६४२४७।- मुल्य बराबरको निर्माण हुन बाँकी काम नगरपालिकाबाट भुक्तानी हुने गरी आर्थिक बर्ष २०८१।८२ को बजेटमा समाबेश गरेको छ । ऐनमा भएको व्यबस्था बमोजिम खर्च गर्दा बराबर अनुपातमा गर्नेतर्फ पालिकाको ध्यान जानु पर्दछ ।

७३.२ समपुरक अनुदान

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **३९४,४६६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

संपरीक्षणबाट थप भएको बेरूजू

| क्र.सं. | बेरुजुको विवरण | रकम |
| --- | --- | --- |
| १ | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ को उपनियम ६ मा खरिद सम्झौता बमोजिम तोकिएको समयावधि भित्र कार्य सम्पादन हुन नसकेमा उक्त निर्माण कार्य गर्नको लागि दिएको पेश्की रकम अशुल फिर्ता गर्नु पर्ने व्यबस्था रहेको छ । पालिकाले अस्पताल निर्माणको लागि उपलब्ध गराएको पेश्की रकम मध्ये रु१,७०,२३,७१६।७३ फस्यौंट हुन बाँकी रहेको छ । उक्त भवन निर्माणको लागि आर्थिक बर्ष २०८०।८१ मा बजेट विनियोजन हुन नसकेको कारणले निर्माण कार्य हुन नसकेकोले पेश्की रकम लामो समय सम्म फस्यौंट हुन नसकेकोले जोखिममा रहेको पेश्की मिति २०८१।११ २१ मा रु.१,७०,२३,७१६.७३ फिर्ता गरी स्थानीय धरौटी खातामा दाखिला गरेकोमा सो रकम अस्पताल निर्माणको बाँकी कार्यको भुक्तानीमा प्रयोग भएको सुनिश्चित हुनुपर्दछ । | ० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : हलेसीतुवाचुङ नगरपालिका, खोटांग , हलेसी तुवाचुङ नगरपालिका , खोटाङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | कैलाश बहादुर ठकुराठी | २०७९-११-२३ | २०८१-९-३ |
| कार्यालय प्रमुख | बसन्त गिरी | २०८१-९-४ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | भिम ढकाल | २०७९-११-२२ | २०८१-९-४ |
| लेखा प्रमुख | Nabaraj Katwal | २०८१-८-५ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १७,२४५,२२९.७३ | १,६८८,३३७ | १,३०८,३८८.०४ | ० | ० | ० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | २०,२४१,९५४.७७ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | १७,८७५,३७३.७७ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | २,३६६,५८१ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ६०८२५३५६.९६ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४७२५३१००० | चालु खर्च | ४२४६१४२१०.१३ |
| प्रदेश सरकारबाट अनुदान | ३५२३८००० | पूँजीगत खर्च | १६४९८१४२०.०७ |
| राजश्व बाँडफाँट | ११५९०६६०६.२५ | वित्तीय/अन्य व्यवस्था | १९१७९१६३९.७१ |
| आन्तरिक आय | १०७०२९३७.३८ | | |
| अन्य आय | १५२३९६४०८.६८ | | |
| कुल आय | ७८६७७४९५२.३१ | कुल खर्च | ७८१३८७२६९.९१ |
| बाँकी मौज्दात | | ६६२१३०३९.३६ | |

## बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| क्र.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | ११,७५,७७,६५९.१८ | ० | ११,७५,७७,६५९.१८ | ११,३२,४४,७१०.५२ | ० | ११,३२,४४,७१०.५२ |
| १३००० | अनुदान | | ४६,१३,४७,००७.३० | ० | ४६,१३,४७,००७.३० | ५२,७५,४७,४४४.४३ | ० | ५२,७५,४७,४४४.४३ |
| १४००० | अन्य राजस्व | | ८६,९२,२९५.४५ | ० | ८६,९२,२९५.४५ | ३८,२६,१८८.०० | ० | ३८,२६,१८८.०० |
| १५००० | विविध प्राप्ति | | ४,१०,६८९.०० | ० | ४,१०,६८९.०० | ० | ० | ० |
| क | कुल जम्मा प्राप्ति | | ५८,८०,२७,६५०.९३ | | ५८,८०,२७,६५०.९३ | ६४,४६,१८,३४२.९५ | | ६४,४६,१८,३४२.९५ |
| ३ | चालु | | ४०,६६,१४,२१०.१३ | ० | ४०,६६,१४,२१०.१३ | ४५,४०,०६,९३४.४३ | ० | ४५,४०,०६,९३४.४३ |
| २१००० | पारिश्रमिक / सुविधा | | २७,९४,४१,७०१.१४ | ० | २७,९४,४१,७०१.१४ | २५,८१,०३,२४५.०१ | ० | २५,८१,०३,२४५.०१ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | ११,७७,९०,६४१.९९ | ० | ११,७७,९०,६४१.९९ | १९,२१,७२,५२२.४२ | ० | १९,२१,७२,५२२.४२ |
| २५००० | सहायता (Subsidy) | | ० | ० | ० | ५,७०,०००.०० | ० | ५,७०,०००.०० |
| २७००० | सामाजिक सुरक्षा | | ३३,८३,०००.०० | ० | ३३,८३,०००.०० | १४,६३,०७७.०० | ० | १४,६३,०७७.०० |
| २८००० | अन्य खर्च | | ५९,९८,८६७.०० | ० | ५९,९८,८६७.०० | १६,९८,०९०.०० | ० | १६,९८,०९०.०० |
| ४ | पूंजीगत | | १८,२९,८१,४२०.०७ | ० | १८,२९,८१,४२०.०७ | १८,६०,०९,८०५.५५ | ० | १८,६०,०९,८०५.५५ |
| ३१११० | भवन तथा संरचना | | ६,२५,१२,८७३.०७ | ० | ६,२५,१२,८७३.०७ | ४,५२,७८,१२१.०० | ० | ४,५२,७८,१२१.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | ६१,४५,९२९.०० | ० | ६१,४५,९२९.०० | ५९,०८,३९६.०० | ० | ५९,०८,३९६.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | | ४०,०२,३००.०० | ० | ४०,०२,३००.०० | ५९,१४,९५५.०० | ० | ५९,१४,९५५.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३११५० | सार्वजनिक निर्माण | | १०,९८,२४,४१८.०० | ० | १०,९८,२४,४१८.०० | ९,२६,८५,९३७.५५ | ० | ९,२६,८५,९३७.५५ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | | १,९५,९००.०० | ० | १,९५,९००.०० | १९,३०,८८२.०० | ० | १९,३०,८८२.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | | ३,००,०००.०० | ० | ३,००,०००.०० | ३,४२,२६,५१४.०० | ० | ३,४२,२६,५१४.०० |
| ३१२२० | मौज्दात सामानहरु | | ० | ० | ० | ६५,०००.०० | ० | ६५,०००.०० |
| ख) | कुल जम्मा भुक्तानी | | ५८,९५,९५,६३०.२० | | ५८,९५,९५,६३०.२० | ६४,००,१६,७३९.९८ | | ६४,००,१६,७३९.९८ |
| ग) | बचत /कमी (ग = क-ख ) | | (१५,६७,९७९.२७) | | (१५,६७,९७९.२७) | ४६,०१,६०२.९७ | | ४६,०१,६०२.९७ |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | | ७०,२५,६६५.४७ | | ७०,२५,६६५.४७ | ६७,६०,८५१.९८ | | ६७,६०,८५१.९८ |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | -१,०९६.२० | | -१,०९६.२० | -७१,१००.०० | | -७१,१००.०० |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | ५४,५७,६८६.२० | | ५४,५७,६८६.२० | १,१३,६२,४५४.९५ | | १,१३,६२,४५४.९५ |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | ६,०७,५४,२५६.९६ | | ६,०७,५४,२५६.९६ | ४,९३,९१,८०२.०१ | | ४,९३,९१,८०२.०१ |
| छ) | विनिमय नाफा/ घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा | | ६,६२,११,९४३.१६ | | ६,६२,११,९४३.१६ | ६,०७,५४,२५६.९६ | | ६,०७,५४,२५६.९६ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | बैंक मौज्दात ( ज= ङ+च+छ) | | | | | | | | |

## बेरूजु दफा ६७.६ सँग सम्बन्धित विवरण - अनुसूची -४

| क्र.स. | विद्यालयको नाम | विद्यार्थीसङ्ख्या | शिक्षक सङ्ख्या | विद्यार्थी शिक्षकअनुपात |
|---|---|---|---|---|
| १ | सरस्वती मा.वि. ह.तु.न.पा.१० | ३११ | १४ | २२ |
| २ | कालिका आ.वि. ह.तु.न.पा.१० | १४० | ५ | २८ |
| ३ | हिमगंगा आ.वि. ह.तु.न.पा.१० | ३९ | ३ | १३ |
| ४ | जलेश्वरी आ.वि. ह.तु.न.पा.१० | ४८ | २ | २४ |
| ५ | गुप्तेश्वर आ.वि. ह.तु.न.पा.१० | ८ | ० | ० |
| ६ | पञ्चकन्या आ.वि. ह.तु.न.पा. १० | २५ | २ | १३ |
| ७ | लक्ष्मी मा.वि. ह.तु.न.पा. ४ | १५० | १६ | ९ |
| ८ | कालिका आ.वि. ह.तु.न.पा.४ | २४ | १ | २४ |
| ९ | दुधकोशी आ.वि. ह.तु.न.पा. ४ | ३५ | २ | १८ |
| १० | शान्ति आ.वि. ह.तु.न.पा. ४ | ९२ | ५ | १८ |
| ११ | बोझेओडार आ.वि. ह.तु.न.पा. ४ | ४० | ३ | १३ |
| १२ | बुङ्देल आ.वि.ह.तु.न.पा. ४ | ३३ | २ | १७ |
| १३ | खोक्सेली आ.वि. ह.तु.न.पा.४ | १७ | २ | ९ |
| १४ | कालिकादेविस्थान आ.वि. ह.तु.न.पा.४ | २३ | २ | १२ |
| १५ | मालिका देवी मा.वि. ह.तु.न.पा. १ | १८८ | १० | १९ |
| १६ | कालिका मा.वि. ह.तु.न.पा. १ | १९३ | ७ | २८ |
| १७ | दुधकोशी आ.वि .ह.तु.न.पा. १ | १०७ | ३ | ३६ |
| १८ | पद्मावती आ.वि. ह.तु.न.पा.१ | ७३ | २ | ३७ |
| १९ | बेलडाँडा आ.वि. ह.तु.न.पा.१ | ४१ | २ | २१ |
| २० | जनचेतना आ.वि. ह.तु.न.पा.१ | ३१ | १ | ३१ |
| २१ | किरातेश्वर आ.वि. ह.तु.न.पा.१ | १८ | १ | १८ |
| २२ | कालिका आ.वि. ह.तु.न.पा. १ बयक्ता | १८ | २ | ९ |
| २३ | च्यास्मिटार मा.वि. ह.तु.न.पा. ३ | ४२० | १५ | २८ |
| २४ | पिपलटार आ.वि. ह.तु.न.पा.३ | ७७ | ४ | १९ |
| २५ | त्रिकन्या आ.वि.ह.तु.न.पा. ३ | ५६ | २ | २८ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| २६ | कलंका आ.वि. ह.तु.न.पा. ३ | ३४ | २ | १७ |
| २७ | बालविकास आ.वि. ह.तु.न.पा.३ | २९ | १ | २९ |
| २८ | चोमोलोङ्मा आ.वि. ह.तु.न.पा. ३ | ४९ | १ | ४९ |
| २९ | नमुना आ.वि. ह.तु.न.पा.३ | १६ | १ | १६ |
| ३० | देउराली आ.वि. ह.तु.न.पा. ३ | ५८ | २ | २९ |
| ३१ | लक्ष्मी आ.वि. ह.तु.न.पा. ३ | ११ | १ | ११ |
| ३२ | बलिदान आ.वि. ह.तु.न.पा. ३ | १९ | ० | ० |
| ३३ | बुलापन्थे मा.वि. ह.तु.न.पा. ८ | ३५६ | १५ | २४ |
| ३४ | सुर्यज्योति आ.वि. ह.तु.न.पा.८ | १११ | ४ | २८ |
| ३५ | जनचेतना आ.वि. ह.तु.न.पा.८ | १९ | १ | १९ |
| ३६ | दलित जनजागरण आ.वि. ह.तु.न.पा. ८ | ९१ | ३ | ३० |
| ३७ | सर्वावती आ.वि. ह.तु.न.पा. ८ | ३३ | २ | १७ |
| ३८ | जनकल्याण आ.वि. ह.तु.न.पा. ८ | ४९ | २ | २५ |
| ३९ | पारुहाङ शरण आ.वि. ह.तु.न.पा.८ | ३२ | १ | ३२ |
| ४० | दाम्ली मा.वि. ह.तु.न.पा. २ | २१३ | ७ | ३० |
| ४१ | कालिका आ.वि. ह.तु.न.पा.२ | ८५ | ४ | २१ |
| ४२ | पद्मावती आ.वि. ह.तु.न.पा.२ | ३८ | २ | १९ |
| ४३ | सुनकोशी आ.वि. ह.तु.न.पा.२ | ५० | २ | २५ |
| ४४ | डिकुवा आ.वि. ह.तु.न.पा. २ | ७७ | ३ | २६ |
| ४५ | जनकल्याण आ.वि. ह.तु.न.पा. २ | १३ | १ | १३ |
| ४६ | बरगाछी आ.वि. ह.तु.न.पा.२ | ३२ | १ | ३२ |
| ४७ | बालकन्या आ.वि. ह.तु.न.पा.२ | ४४ | १ | ४४ |
| ४८ | दुर्छिम मा.वि. ह.तु.न.पा. ५ | २४३ | १५ | १६ |
| ४९ | चुमाखु आ.वि. ह.तु.न.पा.५ | ४ | ० | ० |
| ५० | जनश्रम आ.वि. ह.तु.न.पा. ५ | ५१ | २ | २६ |
| ५१ | रातमाटे आ.वि. ह.तु.न.पा. ५ | ७० | ४ | १८ |
| ५२ | लक्ष्मी आ.वि. ह.तु.न.पा. ५ | ६८ | ४ | १७ |

| | | | | |
|---|---|---|---|---|
| ५३ | सहकला आ.वि. ह.तु.न.पा. ५ | २९ | १ | २९ |
| ५४ | दामोदर महा सिं आ.वि. ह.तु.न.पा. ५ | ८४ | ३ | २८ |
| ५५ | सरस्वता आ.वि. ह.तु.न.पा. ५ | २७ | २ | १४ |
| ५६ | सरस्वती आ.वि. ह.तु.न.पा. ५ | १४ | ० | ० |
| ५७ | पारुहाङ आ.वि. ह.तु.न.पा. ५ | १२ | १ | १२ |
| ५८ | महेन्द्रोदय मा.वि. ह.तु.न.पा. ७ | ४१७ | २४ | १७ |
| ५९ | कालिका आ.वि. ह.तु.न.पा. ७ | ७० | ५ | १४ |
| ६० | चम्पावती आ.वि. ह.तु.न.पा. ७ | ११ | २ | ६ |
| ६१ | जगदम्बा आ.वि ह.तु.न.पा. ७ | ४६ | ३ | १५ |
| ६२ | पञ्चकन्या आ.वि. ह.तु.न.पा. ७ | ४८ | ३ | १६ |
| ६३ | शिवसिद्ध आ.वि. ह.तु.न.पा. ७ | ६ | ० | ० |
| ६४ | जनज्योति आ.वि. ह.तु.न.पा. ७ | २१ | २ | ११ |
| ६५ | पिपलडाँडा देविस्थान मा.वि. ह.तु.न.पा. ६ | २७४ | ११ | २५ |
| ६६ | दिपक जनज्योती आ.वि. ह.तु.न.पा. ६ | ९६ | ४ | २४ |
| ६७ | पद्मावती आ.वि. ह.तु.न.पा. ६ | ४६ | ३ | १५ |
| ६८ | जनकल्याण आ.वि. ह.तु.न.पा. ६ | ३३ | २ | १७ |
| ६९ | जनश्रम आ.वि. ह.तु.न.पा. ६ | ४५ | २ | २३ |
| ७० | पञ्चकौशीका आ.वि. ह.तु.न.पा. ११ | ५३ | ४ | १३ |
| ७१ | महंकला आ.वि. ह.तु.न.पा. ११ | ६१ | ५ | १२ |
| ७२ | सरस्वती आ.वि. ह.तु.न.पा. ११ | ३८ | २ | १९ |
| ७३ | हिमगंगा आ.वि. ह.तु.न.पा. ११ | ६० | ४ | १५ |
| ७४ | जाल्पा आ.वि. ह.तु.न.पा. ११ | ३५ | १ | ३५ |
| ७५ | भिमकन्या आ.वि. ह.तु.न.पा. ११ | ८ | १ | ८ |
| ७६ | ज्योती मा.वि. ह.तु.न.पा. ११ | २०९ | ११ | १९ |
| ७७ | कालिका आ.वि. ह.तु.न.पा. ११ सान्ने | १८ | ० | ० |
| ७८ | नवज्योति आ.वि. ह.तु.न.पा. ११ | ० | ० | ० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ७९ | कालिका आ.वि. ह.तु.न.पा. ११ बड्का | २६ | १ | २६ |
| ८० | जलन्धरा आ.वि. ह.तु.न.पा. ११ | २ | ० | ० |
| ८१ | चम्पावती आ.वि. ह.तु.न.पा. ११ | २८ | १ | २८ |
| ८२ | जनभावना आ.वि. ह.तु.न.पा. ११ | ३७ | ० | ० |
| ८३ | जनता मा.वि. ह.तु.न.पा. ९ | १२३ | ११ | ११ |
| ८४ | महंकला आ.वि. ह.तु.न.पा. ९ | १३ | १ | १३ |
| ८५ | दुधकोशी आ.वि. ह.तु.न.पा. ९ | २१ | १ | २१ |
| ८६ | जनचेतना आ.वि. ह.तु.न.पा. ९ | ११ | २ | ६ |
| ८७ | महेन्द्रोदय आ.वि. ह.तु.न.पा. ९ | १३ | २ | ७ |
| ८८ | सरस्वता आ.वि. ह.तु.न.पा. ९ | ११ | १ | ११ |
| ८९ | जनसाक्षरता आ.वि. ह.तु.न.पा. ९ | ८ | १ | ८ |
| ९० | बालकल्याण आ.वि. ह.तु.न.पा. ९ | ७ | १ | ७ |
| **जम्मा** | | **६१६३** | **३०८** | **२०** |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री तथा यन्त्र उपकरणहरुको आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका यन्त्र तथा उपकरणहरुको मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- पालिकामा निर्माणाधीन अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ ।
- 
- सामाजिक सुरक्षा तर्फ सम्बन्धित लाभग्राहीहरुले समयमै भत्ता प्राप्त गरेको सुनिश्चित हुनुका साथै दोहोरो परेका तथा लगत कट्टा गर्नुपर्ने लाभग्राहीको पहिचान गरी विवरण अध्यावधिक गर्नुपर्दछ ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ । कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण त्रैमासिक रुपमा गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ ।